जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

बालविवाह सामाजिक र कानूनी अपराध हो
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो ।
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २५० • २०८० साल माघ २३ गते मंगलवार (6 Feburary, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रदेश सरकारको कारण संघीयता धरापमा
# सरकार ढाल्ने खेलमा एमाले छैन् :अध्यक्ष ओली

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार टिप्पणी गर्न लायक नरहेको बताएका छन् ।

जनकपुरधाम स्थित विमानस्थलमा सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै अध्यक्ष ओलीले भने-' प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले जनजीविकालगायतको सवालमा चुकेको आरोप लगाउँदै नलायक सरकार रहेको छ ।'

'वर्तमान सरकारकै कारण हरेक निकायहरू असफल भइरहेका छन्' उनले भने-'रेडक्रसलगायतका सामाजिक संघसंस्थाको समेत मान्यता समाप्त हुनुको कारक तत्व नै वर्तमान गठबन्धनको सरकार हो । अन्तर्राष्ट्रिय रेडक्रस सोसाइटीले विवादित रहेको नेपाल रेडक्रस सोसाइटीको मान्यतालाई आइतवार रद्द गरेको छ ।'

मुलुकमा राजतन्त्र फर्किने सम्भावना नदेखेपछि पूर्वराजा ज्ञानेन्द्र शाह देश दौडाहाको नाममा पार्टी खोल्ने आधार तयार गर्न लागि परेको अध्यक्ष ओलीले बताए । 'देशमा अब राजा फर्किने संभावना समाप्त भइसकेको छ' उनले भने-'राजनीतिमा आउन पूर्व राजा शाह देश दौडाहा गरिरहेका छन् ।'



प्रदेश सरकारको काम कारबाहीको कारण अहिले संघीयता धरापमा परेको अध्यक्ष ओलीले बताए । संघीयताको मर्म अनुसार प्रदेश सरकारले स्थानीय तहलाई संचालन गर्नसमेत बेवास्ता गरेको र काम नगर्दा संघीयता समस्यामा परेको उनको कथन थियो ।

'संघीयता कार्यान्वयनकै चरणमा रहेको बेला प्रश्न उठाउनु गलत हो' उनले भने-' अहिलेको समय संघीयतालाई सफल बनाउन ऐन कानुन बनाउनु पर्नेहो ।'

प्रदेश सरकारले प्रहरी समायोजन, निजामती ऐन लगायतका अधिकारका लागि संघीय सरकारमाथि धम्की दिइरहेको बेला एमाले अध्यक्ष ओलीले भने-'प्रदेश सरकारले पाए जतिको अधिकारलाई ठिक ढंगले प्रयोग गर्न सकेको छैन् । 'सरकार सञ्चालनमा प्रदेश असफल भएको छ' उनले भने-' प्रदेशका बासिन्दाले सरकार रहेको अनुभूति गर्न सकेको छैन् ।'

निजामती ऐन र प्रहरी समायोजनको कारणले संघीयता सबल गर्नमा कहाँ बाधा पुगेको छ ? ओलीले भने-'आफ्नो मान्छे पुलिसमा भर्ना गर्न नपाउँदा यस्तो अधिकार नपाएको भनेर भ्रम सिर्जना गरिंदै छ । प्रहरी समायोजन हुनुपर्छ, तर यही कारणले संघीयताको सेवा प्रवाह गर्न पाइन्न भनेर भन्नु गलत हो उनले भने-'हतारमा संघीय सरकारले निर्णय गर्नु गलत हुनेछ ।'

उनले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पनि सबैको सहमतिबाट चाँडै पारित गर्नुपर्ने बताए । प्रमुख प्रतिपक्ष दलसमेत रहेका एमाले अध्यक्ष ओलीले आफ्नो पार्टी सरकार ढाल्ने खेलमा नरहेको बताएका छन् ।

महोत्तरीमा आयोजित जिल्ला अधिवेशन कार्यक्रममा बोल्दै उनले आफ्नो पार्टी २०८४ सालमा बहुमत ल्याएर सरकार हाँक्ने नीतिका साथ अघि बढेको समेत बताए । वर्तमान सत्तारुढ गठबन्धनलाई भ्रष्ट र तस्करको रुपमा चित्रण गर्दै अध्यक्ष ओलीले देश र जनताको पक्षमा काम गर्न सरकार पूर्ण रुपमा असफल रहेको बताए ।

प्रधानमन्त्री प्रचण्डप्रति संकेत गर्दै वर्तमान सरकारले देशको हितको पक्षमा मित्र राष्ट्रहरुसँग आँखा जुधाएर कुरा गर्ने हैसियत समेत गुमाइसकेको ओलीले आरोप लगाए । सत्तारुढ गठबन्धन मुलुकमा जति दिन रहे, देशले त्यति नै धैरै दुःख पाउने उनले बताए ।

उनले एमाले नेतृत्वको सरकार हटेपछि देशमा विकास, निर्माणको काम ठप्प भएको उल्लेख गरे । एमालेको जिल्ला अधिवेशन देशभर नै चलिरहेको छ । अधिकांश जिल्ला कमिटी गुटबन्दीमा लागेका नेताहरुले कब्जा गर्न खोजेको आरोप पार्टी भित्रबाट नै लाग्न थालेको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साविकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

- यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
- यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)



टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE







विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि व्यायाम सुरु गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नछुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

औरही नगरपालिका
औरही, महोत्तरी, मधेश प्रदेश

# स्वदेशमा रोजगार नपाउँदा युवा अलमलमा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका कृषि सहकारी तथा भूमि सुधार मन्त्री गोविन्द बहादुर न्यौपानेले युवाहरू आफ्नै मुलुकमा रोजगार नपाउँदा अलमलमा परेको बताएका छन् ।

जनकपुरधाममा सोमबार रोजगारमुखी सूचना प्रविधि सम्बन्धी एक दिने गोष्ठीमा बोल्दै मन्त्री न्यौपानेले स्वरोजगारमुखी सूचना प्रविधि गोष्ठीले युवाहरूलाई रोजगारीको अवसर अवश्य भेटिने विश्वास व्यक्त गरे ।

उनले कृषि उत्पादन तर्फ विभिन्न मलहरुको प्रयोगले माटोको उर्वराशक्ति घटाउने काम भइरहेको प्रति चिन्तासमेत व्यक्त गरे । उनले स्थानीय जनप्रतिनिधिहरूलाई ध्यानाकर्षण गराउँदै विद्यार्थी भाइ-बहिनीहरूका लागि कृषि सम्बन्धी पढाइ पाठ्यक्रममै समावेश तथा तालिमको ब्यवस्था हुनुपर्ने बताए ।

सामाजिक विकास अनुसन्धान केन्द्र जनकपुरधामले सञ्चालन गरेका कार्यक्रममा सूचना प्रविधि तथा वित्तीय क्षेत्रमा युवाहरूलाई थप बल पुगिने तथा रोजगारीका अवसर भेटिने सामाजिक विकास तथा अनुसन्धान केन्द्रका संरक्षक रामसिंह यादवले बताए ।

संरक्षक यादवले युवाको लागि तालिम उपयोगी रहेकाले स्वदेश तथा विदेशमा रोजगारीका लागि जाने वा रहने युवाहरुका लागि समेत निकै लाभदायी र सकारात्मक रहेको बताए । निक्षेप तथा कर्जा सुरक्षण कोष केन्द्रीय कार्यालयका प्रमुख तथा सिईओ रमेश घिमिरेले बैंक वित्तीय संस्थाबाट युवाहरुका लागि क्रेडिट कार्डको समेत ब्यवस्था गरिने बताए । उनले युवाहरुलाई सूचना प्रविधिको क्षेत्रमा सहजीकरण तथा लाभ हुने जनाए ।

सामाजिक विकास तथा अनुसन्धान केन्द्र जनकपुरधामका सचिव सोनफी साहको अध्यक्षतामा भएको गोष्ठीमा निक्षेपका जनकपुरधाम शाखा प्रमुख कृष्ण बराल, जिल्ला धनुषा समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, सामाजिक विकासका जिवछ दास ,स्थानीय पालिका तथा गाउँपालिकाका मेयरलगायतकाहरुको सहभागिता रहेको थियो ।

# लामा थुनामा

टुडे समाचारदाता

काठमाण्डु । वैदेशिक रोजगार न्यायाधिकरणले वैदेशिक रोजगार कसुरमा लालबहादुर लामालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

न्यायधिकरणका अध्यक्ष कृष्ण गिरी, सदस्यहरु निशा बानियाँ, उद्धवप्रसाद पुडासैनीको इजलासले वैदेशिक रोजगार कसुर मुद्दामा स्टार सिपिङ सर्भिस एण्ड ट्रेनिङ सेन्टर प्रालिका निर्देशक लामालाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो । लामाविरुद्ध आङपासाङ शेर्पासमेत आठ सय ४५ जनाले रु तीन करोड ९३ लाख १४ हजार तीन सय ३३ र त्यसको ५० प्रतिशत हर्जनासमेत माग गरी उजुरी दिएका थिए ।

"प्रतिवादीबाट हुनसक्ने जोखिम विश्लेषण गर्दा हाल यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को दफा ६७ बमोजिम पूपर्क्षका लागि थुनामा राख्ने गरी यो आदेश गरिदिएको छ", जारी आदेशमा भनिएको छ ।

लामाले न्यायाधिकरण समक्ष दिएको बयान, मिसिल संलग्न नगद बुझिएको रिसिप्ट र चेकसमेतका कागजात र यी प्रतिवादीको बैंक खातामा जाहेरवालाहरुले रकम बुझाएको देखिने बैंक भौचर समेत प्रमाणका आधारमा तत्काल कसुरदार होइनन् भन्ने नदेखिएको आदेशमा उल्लेख छ ।लामाले लिथुनिया, कोरिया, न्युजल्याण्ड, क्यानाडा समेतका देशमा रोजगारीका लागि पढाउने भनी रकम लिई ठगी गरेको भन्दै उजुरी परेको थियो ।

# भूतपूर्व सैनिक सङ्घको तदर्थ समितिमा ७९ सदस्य थप

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले नेपाल भूतपूर्व सैनिक सङ्घको तदर्थ कार्यसमितिमा ७९ सदस्य थप गरेको छ ।



पार्टीका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मेघराज टन्डनको अध्यक्षतामा गठित नेपाल भूतपूर्व सैनिक सङ्घको केन्द्रीय तदर्थ कार्यसमितिको सदस्यमा सोमबार ७९ सदस्य मनोनयन गरेका हुन् ।

मनोनयन गरिएका सदस्यमा वासुदेव भण्डारी (तनहुँ), जीतबहादुर भट्ट (गोरखा), कुम्भराज गुरुङ (ललितपुर), टोपबहादुर मल्ल (बागलुङ), भक्तजङ्ग राई (खोटाङ), लक्ष्मीप्रसाद लिम्बू (काठमाडौँ), नारायणबहादुर खड्का (ललितपुर), चन्द्रबहादुर गुरुङ (गोरखा), चक्रबहादुर अस्लमी मगर (कैलाली), उद्दिमकुमार राई (सङ्खुवासभा), थिरप्रसाद जबेगु (पाँचथर) रहेका छन् ।

यस्तै, चित्रबहादुर गुरुङ (कास्की), केवलमान गुरुङ (सङ्खुवासभा), भूपालसिंह राई (ताप्लेजुङ), तुलासिंह गिरी (दार्चुला) चौबहादुर गुरुङ (स्याङ्जा), गणेशबहादुर गुरुङ (काठमाडौँ), रामबहादुर परियार (अर्घाखाची), हरिबहादुर भण्डारी (बागलुङ), सूर्यबहादुर थापा (तनहुँ), विनुबहादुर थापा (पाल्पा), कुलबहादुर केसी (रुपन्देही), लिलासिंह राना (रुपन्देही), ईन्द्रबहादुर दाहाल (काभ्रे)लाई मनोनयन गरिएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

यसैगरी, एसवी. आले (गोरखा), गोपालसिंह अर्याल (अर्घाखाची), रामकृष्ण सुनुवार (काठमाडौँ), केशबहादुर गुरुङ (युके), नारायणबहादुर सुयल (लमजुङ), लालनाथ घिमिरे (नवलपरासी), शेरबहादुर गुरुङ (लमजुङ), मीनबहादुर कार्की (म्याग्दी), रामबहादुर अधिकारी (तनहुँ), शुभलाल भुसाल (कपिलवस्तु), मेहर सिंह कुँवर (कपिलवस्तु), काजिबाबु श्रेष्ठ (गोरखा), चन्द्रबहादुर फोम्बो लिम्बू (सुनसरी), विष्णुमाया तामाङ (काठमाडौँ), उदयवीर सिंह (बर्दिया) छन् ।

धनबहादुर खड्का (धनकुटा), प्रेमबहादुर गुरुङ (पर्वत), प्रेमबहादुर राना (नवलपुर), वीरबहादुर शाही (नवलपुर), रामचन्द्र अर्याल (तनहुँ), हरिबहादुर थापा - चितवन), हेमबहादुर गुरुङ (मकवानपुर), दिलबहादुर क्षेत्री (नवलपुर), टेकसिंह कार्की (बैतडी), मानबहादुर थापा (नवलपरासी), पूर्णमान श्रेष्ठ (नवलपरासी), कर्णेल कृष्णबहादुर खत्री (कास्की), नारायण सिंह ठकुरी (गुल्मी), दिलबहादुर थापा (गोरखा), कमलबहादुर अधिकारी (लमजुङ), खड्कबहादुर कार्की (पर्वत), क्षेत्रबहादुर थापा (स्याङ्जा)लाई मनोनयन गरिएको मुख्यसचिव पौडेलले बताए ।

यस्तै, रामबहादुर बस्नेत (दोलखा), टहलबहादुर कार्की (रामेछाप), प्रेमबहादुर गुरुङ (ईलाम), गगनसिंह गुरुङ (सुर्खेत), अमरचन्द राना (सल्यान), नन्दबहादुर शाही (जुम्ला), चित्रबहादुर राना (दैलेख), शिवध्वज मल्ल (दाङ), श्रीराम आले (काठमाडौँ), निर्मल कुँवर (ललितपुर), राजु सिग्देल (काभ्रे), देवेन्द्रप्रसाद शर्मा (नवलपुर), खगेन्द्र कुँवर (काठमाडौँ), उदयबहादुर थापा (गुल्मी), ओमनाथ पौडेल (बारा) छन् ।

मुख्यसचिव पौडेलले होशियार सिंह थापा (बागलुङ), राजकुमार आचार्य (नुवाकोट), फुलबहादुर गुरुङ (धादिङ), महादेवप्रसाद अधिकारी (रुपन्देही), एकराज नेम्वाङ (पाँचथर), कृष्णबहादुर खत्री (बागलुङ), रेश्मीराज अधिकारी (कपिलवस्तु) र लालबहादुर लिम्बू (झापा) लाई मनोनयन गरिएको बताए ।

# दादुरा-रुबेलाविरुद्धको ६० लाख मात्रा खोप आयो

टुडे समाचारदाता

काठमाण्डु । सरकारले दादुरा-रुबेलाविरुद्धको खोप ल्याएको छ ।



स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले दादुरा-रुबेलाविरुद्धको ६० लाख ५० हजार मात्रा खोप ल्याइएको र उनले दुई लाख ८० हजार मात्रा खोप आउन बाँकी रहेको जानकारी दिए ।

यो खोप अभियान सञ्चालन गरी करिब ५७ लाख बालबालिकालाई लगाइने छ । भारतीय सेरम इस्टिच्युटले उत्पादन गरेको उक्त खोप ग्लोबल अलायन्स फर भ्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)को अनुदानमा उपलब्ध भएको उनले बताए । सरकारले देशभरि नै सम्भावित सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै १५ वर्ष मुनिका सबै बालबालिकालाई आगामी फागुन १३ गतदेखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गर्ने जनाइएको छ ।

भारतसँग सिमा जोडिएका तथा दादुरा-रुबेलाको अति सङ्क्रमित २१ र काठमाडौँ उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिसम्मका बालबालिकालाई खोप लगाइने खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिए । बाँकी जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइने उनको भनाइ छ।

सरकारले यसअघि नै भूकम्पका बेला जाजरकोट र पश्चिमरुकुममा खोप अभियान सञ्चालन गरिसकेको छ । सन् २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न थालिएको हो । खोप आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाले खोप टेकुस्थित केन्द्रीय भण्डारण कक्षमा रहेको जनाउँदै चाँडै नै जिल्लामा पठाइने बताए ।


दादुरा-रुबेला भएका बेला ज्वरो आउने, शरीरमा राता बिबिरा आउने, रुघाखोकी लाग्ने, आँखा पाक्ने जस्ता लक्षण दखिने भन्दै समयमा उपचार नगरेर आँखा नदेख्ने समस्याका साथै निमोनिया, कान पाक्नेलगायत समस्या हुने उनले बताए । सामान्यतयाः दादुरा-रुबेला लागेका बिरामीमा आँखा पाकेर अन्धो हुने, कान पाकेर नसुन्ने, निमोनिया भएर श्वासप्रश्वास फेर्न समस्या देखिन्छ ।

गत वर्ष १९ जिल्लामा दादुरा-रुबेला महामारीका रुपमा फैलिएको थियो ।

# विपक्षी दलद्वारा मुख्यमन्त्री पाण्डेको ध्यानाकर्षण

टुडे समाचारदाता

लेखनाथ । गण्डकी प्रदेशसभामा विपक्षी दल नेकपा (एमाले)ले मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको ध्यानाकर्षण गराएको छ । प्रदेशसभामा एमाले संसदीय दलका नेता खगराज अधिकारीले आज २४ बुँदा समेटेर मुख्यमन्त्री पाण्डेको ध्यानाकर्षण गराएका हुन् ।




प्रदेश सरकारले गर्नुपर्ने सुधारका कामलगायत समेटिएको उक्त ध्यानाकर्षणपत्रमा प्रदेश सरकार गठबन्धनको मात्र नभई सबै जनताको अभिभावक बन्नुपर्ने, सुशासन र सेवा प्रवाह चुस्तदुरुस्त हुनुपर्ने, सरकारका मुख्यमन्त्री, मन्त्री तथा उच्च पदस्थ कर्मचारी कामभन्दा पनि विभिन्न कार्यक्रमको उद्घाटनमा व्यस्त हुँदा सरकारले आफ्नो काममा गति लिन नसकेलगायत कुरा उल्लेख छन् ।

त्यसैगरी, चालु आवको पुस मसान्तसम्म पुँजीगत खर्च १३ दशमलव ३९ प्रतिशतमात्र हुँदा त्यसको क्षमता वृद्धि गर्न, प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनाको कार्यान्वयनको अवस्था कमजोर देखिएकाले त्यस्ता योजनाका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने, गण्डकी प्रदेशलाई मित्रराष्ट्र भारत र चीनसँग जोड्ने कोरला-त्रिवेणी सडक द्रुत गतिमा निर्माण गर्नुपर्ने, चालु आवको पुस मसान्तसम्म जम्मा ३२ दशमलव ३२ प्रतिशत राजस्व सङ्कलन देखिनुले राजस्व तथा प्रदेशको आन्तरिक स्रोत र दायरा बढाउन सरकारको विशेष ध्यान दिनुपर्ने तथा योजना अनुगमन निर्देशिका तत्काल जारी गर्न माग गरिएको छ ।

यसैगरी ध्यानाकर्षणपत्रमा क्रमागत योजना र बहुवर्षीय योजनाका लागि बजेट सुनिश्चित गरेरमात्र नयाँ योजना प्रस्ताव गर्ने नीति लिनुपर्ने, प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनालाई मात्र प्राथमिकताका आधारमा बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गर्नुपर्ने, प्रदेशको आवधिक, मध्यमकालीन खर्च संरचना र परियोजना बैङ्कका आधारमा मात्र योजना छनौट, बजेट विनियोजन र कार्यान्वयन गर्नुपर्ने, बजेटलाई आवश्यकता र जनमुखी बनाउन आर्थिक, सामाजिक, औद्योगिक, पूर्वाधार, कृषि, उद्योग, पर्यटनलगायत क्षेत्रगत रुपमा प्राथमिकीकरण गरी जिल्लागत र विकासगत सन्तुलन मिलाई आयोजनाका लागि बजेट सीमा तथा स्रोतको व्यवस्थापन गर्नुपर्नेलगायत कुरा ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

# सही सूचना सम्प्रेषण गर्नुपर्ने : नेता पौडेल

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पत्रकारले लेखेका समाचारले जनमत निर्माण गर्ने भएकाले सही सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिएका छन् ।



प्रेस चौतारी नेपालको २६औँ स्थापना दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले समाचार सामग्री तथा विचार विश्लेषणले जनमत निर्माण गर्ने भएकाले सत्यतथ्यमा आधारित खबर सम्प्रेषण हुनुपर्नेमा जोड दिए ।

उनले प्रेस स्वतन्त्रता र नागरिक अधिकारका पक्षमा कलम चलाउनुपर्ने बताए। उपाध्यक्ष पौडेलले लोकतन्त्रका निम्ति प्रतिपक्षको आवाज महत्वपूर्ण हुने भन्दै प्रतिपक्षले उठाएको आवाजलाई सरकारले सुन्नुपर्ने बताए । उनले अहिले एमाले प्रतिपक्षमा रहेको बेला सदनमा मुलुकमा व्याप्त समस्याका बारेमा सशक्त ढङ्गले आवाज उठाउँदै आएको बताए ।

एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले जनसङ्गठनभित्र दक्षिणपन्थी अवसरवाद हाबी भएको आरोप लगाउँदै त्यस्तो प्रवृत्ति अन्त्य गर्नुपर्ने बताए । एमाले प्रचार विभागका सचिव गगन विष्टले लोकतन्त्र बलियो बनाउने सञ्चार क्षेत्र सङ्कटमा रहेको बताए । उनले सञ्चार क्षेत्रलाई राज्यले बेवास्ता गर्न नहुनेमा जोड दिए ।

नेपालप्रेस युनियनका उपाध्यक्ष सलोजा दाहालले लोकतन्त्रको पहरेदारका रुपमा रहेको सञ्चारक्षेत्र आर्थिक अभावका कारण खुम्चिँदै गएको बताए । प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलले लोकतन्त्रका निम्ति योगदान गरेका सञ्चारमाध्यम यतिबेला सङ्कटमा परेकाले सरकारले सहयोग गर्नुपर्ने बताए।

सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्बाहाम्फेले सबै सञ्चारमाध्यमलाई सरकारले सहयोग गर्नुपर्ने बताए । प्रमुख अतिथि उपाध्यक्ष पौडेलले उक्त कार्यक्रममा यसवर्षको हृदयचन्द्र सिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार अन्नपूर्ण पोष्ट दैनिकका प्रधानसम्पादक अखण्ड भण्डारीलाई प्रदान गरे । उक्त पुरस्कारको राशि रु ३५ हजार ३५ रहेको थियो ।

यस्तै रु ३५ हजार ३५ राशिको अग्नि शिखा स्मृति पत्रकारिता पुरस्कार माधव नेपाल (सिन्धुपाञ्चोक) लाई प्रदान गरिएको छ । यसैगरी डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार महेश केसी (रुकुमपूर्व,. वीरेन्द्रकुमार साह क्रियाशील पत्रकारिता पुरस्कार फनिदेव महत (रौतहट), सावित्रीदेवी-पद्मलक्ष्मी बस्नेत स्मृति पत्रकारिता पुरस्कार काजल तामाङ (काभ्रेपलाञ्चोक) र चन्द्र न्यौपाने शान्तिराम कार्की स्मृति पत्रकारिता पुरस्कार यसिमा महत, (रामेछाप) लाई प्रदान गरिएको छ । ती सबै पुरस्कारको राशि रु २० हजार २० रहेको छ।

पुरस्कृत भएका अन्नपूर्णका सम्पादक भण्डारीले नेपाली पत्रकारिता आर्थिक, सामाजिक र राजनीतिक हिसाबले चुनौतीपूर्ण रहेको बताए । प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेतले धराशयी हुन लागेको सञ्चारमाध्यमलाई सरकारले सहयोग गर्नुपर्ने धारणा राखे ।

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को विमा लेख मिति २०८०/१०/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : नइममुदिन मियाँ**
**विमालेख नं.:** १०४०३१४२७
**ठेगानाः** कल्याणपुर न.पा.-८, सिरहा
**मो.नं.** ९८१६५५९१४४

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेकपा(एमाले)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओली सोमबार जलेश्वरमा आयोजित नेकपा(एमाले) महोत्तरीको छैटौं जिल्ला अधिवेशनको उद्घाटन गर्नुहुँदै । *तस्वीर : रासस*

# मातृभाषा मैथिली मधेशीको भाषा हो: मन्त्री यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादवले मिथिलाको सभ्यता र संस्कृतिका कारण हामी निकै धनी रहेको बताएकी छन् ।

जनकपुरधाममा सोमबार जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवको समापन कार्यक्रममा बोल्दै मन्त्री यादवले मिथिलाको मातृभाषा, साहित्य, कला, संस्कृति यहाँको पहिचान रहेकाले यसको संरक्षण र संवर्द्धन आवश्यक रहेको बताइन् ।

उनले मातृभाषा मैथिली सबै जातजाति र मधेशीको भाषा रहेको भन्दै भाषा कुनै एक जातजातिको नभइ भूगोलको भाषा, साहित्य, कला, संस्कृति र आफ्नो पहिचान हुने गरेकाले भाषाको नाममा अनावश्यक विवाद नगर्न आग्रहसमेत गरिन् ।

मन्त्री यादवले भनिन्- 'मिथिला भाषा, साहित्य, कला, संस्कृति, पहिचानको हामी धनी रहे पनि आ-आफ्नो ढंगले विभिन्न कुरामा विवाद गर्दा हामी अघि बढ्न सकेका छैनौं, यसका कारणले पश्चिमी संस्कृति हावी भएकाले आफ्नो भाषा, साहित्य, कला, संस्कृति, पहिचानलाई उजागर गर्दै अघि बढाउन जरुरी छ ।'

उनले अघि थप्दैं भनिन्- 'नेपालमा पहिलो पटक संघीयता आएपछि निर्वाचित सांसदको रुपमा मातृकाप्रसाद यादवलाई सुरुमा मैथिली भाषामा सपथग्रहण लिन नदिए पनि पछि उनले संसदमै आवाज उठाएपछि वहाँले आफ्नै मातृभाषा मैथिलीमा सपथग्रहण गरेरै छाड्नु भयो, त्यसैले हामीले एउटै भाषाको बोलीलाई लिएर शुद्धता खोज्नु गलत हुन्छ, तर बोलीचाली जेजस्तो भए पनि यहाँ बोलिने भाषा मैथिली समेत हो । यसका लागि सबैले हातेमालो गरी अघि बढेर आफ्नो परिचय र पहिचानको छाप छाड्नु सक्छौं ।'

उनले मैथिली भाषा र संस्कृति ब्राम्हणको मात्र नभई भूगोल, क्षेत्रको हुने गरेकाले अहिले यो भाषा मधेशीको मातृभाषा रहेको बताउँदै मन्त्री यादवले यसको संरक्षण, संवर्द्धनका लागि सबैको सहयोग अनिवार्य रहेको बताइन् ।

मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मैथिली विकास कोषको आयोजना एवंजनकपुरधामउपमहानगरपालिकाको सह-आयोजनामा जीवनाथ चौधरीको अध्यक्षतामा पाँच दिवसीय महोत्सव समापन भएको छ ।

# टी-ट्वान्टी प्रतियोगिता सुरु



**टुडे समाचारदाता**

राजविराज । नेपाल विद्यार्थी संघ नगर समितिद्वारा सोमबारदेखि यहाँ वडा स्तरीय टी-ट्वाइन्टी कप क्रिकेट प्रतियोगिता सुरु भएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा वडा नं. ९ बिहारपुरले वडा नं. १ पडरिया क्रिकेट टिमलाई ७ विकेटले पराजित गरेको छ। स्थानीय पडरिया खेल मैदानमा सुरु भएको प्रतियोगितामा नगरका सबै १६ वटै वडाका क्रिकेट टिमको सहभागिता रहेको छ।

आयोजक समितिका अध्यक्ष समेत रहेका नेवि संघ नगर सभापति मो. परवेजको अध्यक्षतामा आयोजित प्रतियोगिताको नेपाली कांग्रेसका युवा नेता मो. इर्साद अन्सारीले उद्घाटन गरे। सो अवसरमा नेवि संघका केन्द्रीय सदस्य तीर्थनारायण दास, नेवि संघ सप्तरीका अध्यक्ष राकेश ठाकुर, तरुण दल सप्तरीका पूर्व सचिव वीरेन्द्र मण्डल, नेवि संघका बुथ सभापति श्याम शर्मा लगायतले शुभकामना दिए।

आठ दिनसम्म चल्ने प्रतियोगितामा प्रथम हुने टिमलाई २५ हजार नगद तथा ट्रफि र द्वितीय हुनेलाई १५ हजार नगदसहित ट्रफि प्रदान गरिने आयोजकले जनाएको छ।

# कृष्ण लिला महायज्ञ हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । सनातनी हिन्दू धर्मप्रतिको आस्थालाई जगेर्ना गर्नका लागि यही माघ २७ गतेदेखि ११ दिवसीय श्री कृष्ण लिला महायज्ञको अनुष्ठान गरिने भएको छ ।

जनकपुरधाम वडा नम्बर १९ स्थित बेंगा शिवपुरमा रहेको ५२ विघामा हुन लागेको श्री कृष्ण लिला महायज्ञमा कृष्ण लिलामा आधारित विभिन्न कथावस्तुलाई समेटेर प्रतिमासमेत स्थापना गरिएको छ । कृष्णको बाल्यकालमा भएका विभिन्न घटनाहरुलाई समेटेर बगैंचामा कृष्ण लिलाका प्रतिमाहरु स्थापना गरिएको कृष्ण लिला महायज्ञका संयोजक समेत रहेका हनुमान मन्दिरका बाबा रामबालक दासले बताए ।

उनले कृष्ण लिला महायज्ञ माघ २७ गतेदेखि फागुन ८ गतेसम्म चल्ने महायज्ञमा करिब २० लाख रुपैयाँ लागत खर्च रहेको बताए । सो रकम सहयोगस्वरुप उठाएर खर्चिने बताए ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई दराजमा १५ प्रतिशत छुट

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडका कार्ड बाहकग्राहकहरुलाई दराजबाट अनलाइनमार्फत सामानकिन्दा १५ प्रतिशतसम्म छुट पाउने योजना सार्वजनिकभएको छ ।

फेब्रुअरी ५ देखिअप्रिल ३०सम्म (३ महिना) संचालनमा रहने यस छुट योजनाअन्तर्गत ग्राहकहरुले ग्लोबल आइएमई बैंकको भिजा(खक्कब) डेबिट वाक्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत सामानखरिद गर्दा कुलखरिद मुल्यमा १५ प्रतिशतसम्म छुट पाउनेछन् ।

बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरुले १० प्रतिशतवा रु.५०० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरुले १५ प्रतिशतवा रु.७५० सम्म छुट पाउनेछन् ।




ग्लोबल आइएमई बैंकले दराजअनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरुलाई विशेष छुटको अनुभव सुनिश्चितगर्दै आएको छ । यसरी बैंकले आफ्नाग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भितगर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामाशाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५६ शाखाकार्यालय, ३७८ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सनतथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिकप्रतिनिधिकार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४५ लाखभन्दा बढि ग्राहकहरू माझ सेवाप्रदानगरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्तअधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिटान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

**मधेश प्रदेश सरकार**

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**जनकपुरधाम, धनुषा**

## जनशक्ति सेवा करारमा पदपुर्ति सम्बन्धी सुचना


(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०।१०।२३)

प्रस्तुत विषयमा मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि आवश्यक रहेको तपसिलका जनशक्तिहरु सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले आवश्यक कागजात सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८०।११।०८ सम्ममा) यस मन्त्रालयमा इच्छुक सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले आवेदन दिनु हुन यो सुचना प्रकाशित गरिन्छ ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०८०।०८१।०१ | व.सिभिल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको |
| २ | ०८०।०८१।०२ | सिभिल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको |
| ३ | ०८०।०८१।०३ | बायोमेडिकल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातक गरेको |
| ४ | ०८०।०८१।०४ | सब इन्जिनियर | १ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह गरेको |
| ५ | ०८०।०८१।०५ | आई टी सहायक | १ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा +द्द गरी कम्प्युटर तालिम लिएको |

१. माथिका विज्ञापनको हकमा सम्बन्धित परिषदमा म्याद सहितको दर्ता भएको हुनु पर्नेछ ।
२. परिक्षाको किसिमः अन्तरवार्ता
३. सबै पदका लागि आवेदन दिने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।
४. आवेदन दस्तुरः-बिज्ञापन नं १,२ र ३ का लागि रु १०००/- बिज्ञापन नं ४ र ५ को लागि ५००/-
५. सरकारी सेवाको लागि अयोग्य नठहरिएको हुनुपर्नेछ।
६. सि.नं. १, २ र ४ को हकमा भवन निर्माण सम्बन्धि न्यूनतम २ बर्षको अनुभव भएको हुनुपर्ने छ।
७. सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले सम्बन्धित पदको लागि उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा देहायको खातामा जम्मा गरेको बैंक भौचर सहित यस मन्त्रालयमा आवेदन पेश गर्नु पर्नेछ ।
Deposit Bank Account: 1220100202030000
Deposit Bank: RASTRIYA BANIJYA BANK LIMITED
Account Name: PRADESH LEKHA NIYANTRAK KARYALAYA, MADHESH PROVINCE
Office Code: 3700017012
Revenue Code: 14229
८. आवेदन फारम यस मन्त्रालयको वेब साइट धधध.ञयकम.ुबमजभकज.नयख.लउबाट डाउनलोड गर्न सकिनेछ।
९. थप जानकारीको लागि मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# हिमाली जनजीवन र अर्थतन्त्रमा भयावह दुष्परिणाम

**भूमिराज पिठातोली**

आकाशतिर नजर लगाउन थालेको तीन महिना भइसक्यो । मडारिएको बादल देख्यो कि कञ्चनाको अनुहार उज्यालो भइहाल्छ । फेरि एकछिनमै आकाशे बादल हराउँछ, कञ्चनामाथि बादल मडारिन्छ । यो क्रम दुई सातायता लगातार चलिरहेको छ ।

आइतबार बिहान पनि त्यस्तै भयो । झिसमिसेमै उठेर आकाश हेर्दा "आज त पक्का हिउँ आउँछ", भनेर विश्वस्त भएको एक घण्टा नबित्दै आकाश खुलेर आयो । बादलले कञ्चनालाई पटक-पटक झेली गरिरहेको छ । "बिहानै उठ्दा पानी पर्ला-पर्ला जस्तो हुने मौसम देखिन्छ । दिउँसो फेरि घाम लाग्छ । आजभोलि त प्रकृतिले जिस्काएजस्तै लाग्न थालेको छ", उहाँ भन्नुहुन्छ ।

प्रकृतिले आफ्नो आहारा खोसेको कञ्चनाको ठम्याई छ । उहाँ भन्नुहुन्छ, "बारीको उब्जनीले तीन महिना पनि खान पुग्दैन । हिउँदे सिजनमा त झनै सुख्खा हुन्छ । चरम गरिबीको पीडाको भागेदार हुनुपरेको छ ।" कञ्चना आफू गरिब हुनुको दोष प्रकृतिलाई दिनुहुन्छ । "मागेरै खानुपर्ने, श्रमको मूल्य नपाइने, बारीबाट लाभ लिन नसक्नुमा सबै दोषी हाम्रा लागि प्रकृति भएको छ ।" भूकम्पको क्षतिले गर्दा यस वर्ष बढी संकट आइलागेको उहाँले बताउनुभयो ।

कञ्चनाको परिवारले हिउँको पर्खाइमा बस्दा बस्दै स्वास्थ्य समस्या पनि झेल्नु परेको छ । तीन वर्षमा लगातार तीन सन्तान जन्मिएपछि खानपानको कमीले बालबालिका कुपोषणका सिकार भएका छन् । "यिनीहरू बिरामी परिरहन्छन्", आफ्ना बालबालिका देखाउँदै उहाँले भन्नुभयो, "अस्पताल जाँदा डाक्टरले भिटामिनको कमी, हरियो सागपातको कमी, खानपानमा ध्यान दिनु भन्नुहुन्छ । यता खडेरीले हरियो पात देखिने अवस्था नै छैन । लगाएको तरकारी पनि दुई दिन टिक्दैन, सुकिहाल्छ ।"

सात सदस्यीय कञ्चनाको परिवारले चरम गरिबी भोगिरहेको छ । भूकम्पले भत्काउन नसकेको, तेस्रो पारेको घरमै बस्नुपरेको छ । श्रीमान् खडक कठायतले भारतमा मजदुरी गरेर पठाएको पैसाले 'पुऱ्याएर' खाना खाइरहेको उहाँले बताउनुभयो ।

द्वारीमा चार सय परिवारको बसोबास छ । दोघरी (दुई घर भएका), तेघरी (तीन घर भएका) भएका गरिखाने परिवार सबै खडेरीकै मारमा परेका छन् । "जीवनकालभर यो पछिल्लो दशकको जस्तो सङ्कट कहिल्यै भएन", ७२ वर्षीय जोगगिरी कडायतले भन्नुभयो, "बर्खेबाली अलिकति हुन्छ । हिउँदभरि भोकमरी हुन्छ । समयमै पानी, हिमपात परेको भए सिस्नो पनि पलाउथ्यो । त्यसले पनि केही दिन त गुजारा हुन्थ्यो । पहिलेपहिले त्यस्तै गर्थ्यौं ।"

जोगगिरीलाई गाउँलेको भोक मेट्ने काम नगरेकोमा सरकारप्रति गुनासो छैन । उहाँको गुनासो त प्रकृतिले सम्पूर्ण प्राणीजगतको हत्या गर्न लागेकोप्रति छ । "हाम्रो द्वारीमा पर्याप्त खानलाई अन्न उत्पादन त कहिल्यै भएन । तर, यस्तो भोकमरीको अवस्था पनि कहिल्यै हुँदैन थियो । बेसिजनमा कन्दमुलको बन्दोबस्दो पनि हुन्थ्यो । अहिले रूणा (पानी नपर्नु) परेर त्यो पनि छैन ।" उहाँले भन्नुभयो ।केदारस्यूँ गाउँपालिका-६ त्याँडीगाउँकी बाटुली बोहरालाई भामचौरमा ९ गजौन (फिट) हिउँ पर्छ भन्ने कथन सम्झनामा ताजै छ । ८५ वसन्त पार गर्नुभएकी बाटुली आफ्नो बाल्यकालमा भामचौर लेकमा सेताम्य हुने गरेको सम्झनुहुन्छ । "त्यो बेलामा भामचौरमा वन्यजन्तुसमेत बस्न सक्दैनथे । बाक्लो हिमपातले गर्दा गाउँ गाउँमा वन्यजन्तुको बासस्थान हुन्थ्यो । अहिले कता गयो हिउँ !" उहाँ भन्नुहुन्छ ।

बाटुलीका अनुसार अहिले भामचौर लेकले समेत हिउँ देख्न पाएको छैन । करिब दुई हजार पाँच सय मिटर अग्लो ठाउँमा रहेको भामचौरमा अहिले लेकाली बस्ती छ । "बुवाको पालामा लेकको माथितिर गर्मीको बेला सिकारीहरू मात्रै जान्थे । हिउँदमा कोही जान नसकेर लेक आफ्नै गतिमा हुन्थ्यो । अहिले त्यहाँ हिउँ देख्न वर्षौं कुर्नुपर्छ ।" उहाँले भन्नुभयो । बाटुलीको सम्झनाअनुसार करिब चार दशक यता गाउँमा बाक्लो हिमपात भएको छैन । "हिउँ परे पनि थोरै पर्ने र जमिन नभिज्दै बिलाउने गर्छ," उहाँले भन्नुभयो, "बाली सुकेर भोकमरीको अवस्था सिर्जना भइसक्यो ।"त्याडीगाउँका ४२ परिवार नै खाद्य संकटमा परेको सोही ठाउँकी दिक्षा बोहराले बताउनुभयो । दिक्षाका अनुसार कुल्याउन मिल्ने (सिँचाई लाग्ने) खेतबाहेक भुवाँ (भिरालो खेतीयोग्य जमिन) को बाली सबै सुकिसक्यो ।

हिमाली क्षेत्रमा हिउँ नपर्दाको प्रत्यक्ष घाटा सबै प्राणीलाई भएको छ । "बालीनाली मात्रै होइन, माटोमा समेत आगो लगाए बल्ने अवस्था भइसक्यो," सुर्मा गाउँपालिका-४ का पूर्णबहादुर बोहराले भन्नुभयो, "यो बेलामा त गाउँमा हिमपातले बाहिर आउन नसकिने अवस्था हुन्थ्यो । बालीनाली सप्रन्थ्यो, बोटबिरूवाले प्रर्याप्त पानी पाउँथे । अहिले जताततै खडेरी छ । माटोमा पनि आगलागी होला कि जस्तो भइसक्यो ।"बोहराका अनुसार सुर्माको जमिन माघ-फागुनमा हरियाली हुन्थ्यो । "यो समयमा फलफूल तथा बालीनाली मुस्कुराइरहेको देखिन्थ्यो । तर, मध्यमाघ पुग्दा पनि जताततै सुकिल्याउट (सुख्खा) देखिन्छ ।" विगतमा स्थानीय उत्पादन चार महिनालाई पुग्ने भए पनि यस वर्ष भने महिना दिनसमेत नपुग्ने उहाँले बताउनुभयो ।

मङ्सिरमा छरेको गहुँ माघको मध्यतिर पनि नउठेपछि पालिकाबासी नै भोकमरीको संकटमा परेका छन् । "पुसको महिनामा बाक्लो हिमपात भएपछि माघ-फागुनमा गहुँ हुर्किसक्थ्यो । खेतबारी नै हरियाली हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "केही वर्षयता उत्पादनमा निकै ह्रास आइरहेको छ । गहुँमय हुने खेत गहराहरू धुलाम्य छन् । तोरी पनि रहरलाग्दो हुन्थ्यो । पोर-परार यता भने दशा (दुःख) लाइगया ।"साइपाल गाउँपालिकाको आयस्रोत यार्सागुम्बा जडिबुटी नै हो । अन्नबाली एक महिनालाई पनि नपुग्ने साइपालबासीको जिविकोपार्जन यार्साबाटै हुन्छ । तर, केही वर्षयता यार्सा उत्पादनमा कमी आउँदा अर्थतन्त्र डामाडोल भएको गाउँपालिकाका अध्यक्ष मानबिर बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "सिजनमा एकै जनाले संकलन गरेको यार्साबाट वर्षभरिलाई खान पुग्थ्यो । तर, अहिले परिवारका सबै सदस्य यार्सा टिप्न गए पनि वर्षभरि खान पुगनपुग हुन्छ ।"

समयमा हिमपात नहुँदा बाह्रैमास सेताम्य भइरहने साइपालका डाँडाकाँडा कालापहाड भएको उहाँले बताउनुभयो । "पुसको महिना हिमपात भएमा चैतदेखि नै यार्सा उम्रन थाल्छ," अध्यक्ष बोहराले भन्नुभयो, "जटामसी, वन प्याज, सेतकचिनीजस्ता जडिबुटी पनि समयमै हिमपात नभए धेरै कम पाइन्छ ।" फागुनको महिना हिमपात भए जडिबुटी संकलन गर्न जानेलाई पनि वनहरू जोखिममा हुने गरेको उहाँले बताउनुभयो । "पुसमै परेको हिउँ चैतसम्म बिलाउँछ । वन जानेलाई पनि सजिलो हुन्छ । तर, फागुनमा हिउँ परेमा चैतको महिना वन जानेलाई जोखिम हुन्छ । हिउँ बिलाएको हुँदैन, तलतिर हिउँ निकाल्दै जडिबुटी खोज्दा माथिबाट हिमपहिरो आएर पुर्ने सम्भावना बढी हुन्छ ।" साइपालमा हिमपहिरोमा परी दर्जनौं मानवीय घटना भएको उहाँले बताउनुभयो ।

थलारा गाउँपालिकामा खडेरीले किसान निकै चिन्तित छन् । खाद्यबालीको उत्पादनमा कमी आएको भन्दै नगदेबाली सुरू गरेको कृषकलाई अहिले निल्नु न ओकल्नु भएको छ । थलारा गाउँपालिका-८ का यज्ञराज जोशी भन्नुहुन्छ, "धान, गहुँ फल्नै छाड्यो भनेर जग्गाभरि फलफूल रोप्यौं । अहिले परिणाम दिनुपर्ने बेला पानी नपाएरै बगैचामा बोट सुक्न थाले ।" जिवित बोटमा विभिन्न रोग लागेर ओइलाउन थालेको उहाँले बताउनुभयो ।गाउँघरमा अधिकांशको जमिन वन्यजन्तुले नोक्सान गर्ने तथा हिउँदे पानी नपर्ने भएपछि बाँझो बढ्दै गएको छ । जोशीले भन्नुभयो, "हिउँ पर्न छोड्यो, वन्यजन्तुले उस्तै नोक्सान । त्यसैले बाँझो जमिन बढ्या बढ्यै छ ।" उहाँका अनुसार गाउँमा ९० परिवारको करिब पाँच सय रोपनी जमिनमा हिउँदे खेती हुन छाडिसक्यो ।

केही वर्षयता समयमा पानी नपर्ने, लामो समय खडेरी पर्ने, जमिन भिज्नेगरी हिउँ नपर्ने हुँदा बालीनालीमा समेत रोग लाग्ने गरेको जोशीको अनुभव छ । उहाँ भन्नुहुन्छ, "जुनसुकै खेती गरे पनि रातो कमिला, धिउरा (धमिरा), खुर्मुलाजस्ता किराले बालिनाली सखाप पार्ने गरेका छन् ।"

मौसम परिवर्तनले बालीनालीको उत्पादनमा ह्रास आउने र खाने मुखहरू बढ्दै जाँदा भोकमरीको जोखिम बढेको पालिकाको बुझाई छ । थलारा गाउँपालिका कृषि शाखा प्रमुख प्रदीप नेपाली पालिकाभरको बाँझो जमिन सदुपयोग गर्न निःशुल्क फलफूलका विरुवा वितरण गरेको तर मौसम परिवर्तनकै समस्याले हुर्कन नपाएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "गत वर्ष मात्रै ९ वटै वडामा पालिकाले ८ हजार विरुवा निःशुल्क वितरण गरेको थियो । त्योमध्ये ४० प्रतिशत पनि हुर्केका छैनन् ।"

उहाँका अनुसार केही कृषकको लापरबाही भए पनि समयमा सिचाँई नहुँदा विरुवाहरू सुकेका देखिए । "बगैचा अनुगमनमा जाँदा फलफूलका विरुवा पानी नपाई सुकेका देख्यौं । फल्ने बोटहरू पनि पानी नपाएर सुक्न थालेका छन् ।" उहाँले भन्नुभयो । थलारालाई सुन्तला खेतीको केन्द्र बनाउने भनेर तयारी गर्दा कहिले मौसम त कहिले कृषकको लापरबाहीले गर्दा उत्पादनमा कमी भइरहेको उहाँले बताउनुभयो ।नेपालीका अनुसार थलाराबाट गत वर्ष ८० क्विन्टल बराबरको सुन्तला बाहिर गएको थियो भने यो वर्षमा ५० क्विन्टलको हाराहारीमा मात्रै उत्पादन भएको छ । मौसमले उत्पादनमा पनि समस्या भएको उहाँले बताउनुभयो ।

### जिल्लाभर ४० प्रतिशत बाली सुक्ने खतरा

बझाङ जिल्लाको ८० प्रतिशतभन्दा बढी भू-भाग उच्च पहाडी र हिमाली क्षेत्रमा पर्दछ । जसमा समयमा हिउँ पर्न छोडेको भन्दै कृषकले ५० प्रतिशतको हाराहारीमा जमिन बाँझो छाडेका छन् ।

कृषि ज्ञानकेन्द्र बझाङकाअनुसार उत्पादन नभएको सबै ठाउँमा खाद्य अभाव हुने देखिन्छ । कृषि ज्ञान केन्द्रका प्रमुख टेकबहादुर विष्टले भन्नुभयो, "तल्लो तटीय क्षेत्रबाहेकका ठाउँमा दशक यता नै उत्पादन घटिरहेको छ । ११ हजार हेक्टर गहुँ उत्पादन भइरहेकोमा यस वर्ष भने झण्डै ४० प्रतिशत उत्पादन घट्ने देखिन्छ ।"

ज्ञान केन्द्रको तथ्यांकमा बझाङमा ४० प्रतिशत सिञ्चित र ६० प्रतिशत असिञ्चित जमिन छ । त्यसमध्ये पनि आकाशे पानी तथा हिमपात नहुँदा लेकाली भेगमा ४० प्रतिशत घट्ने र तल्लो भागमा १० प्रतिशत उत्पादन घट्ने अनुमान गरेको उहाँले बताउनुभयो । "बझाङमा सबैभन्दा बढी खाद्य सङ्कट हुने पालिका साइपाल नै हो । त्यसपछि तलकोट, सुर्मा, खप्तडछान्ना, मष्टालगायतका पालिकाका उच्च भागमा कम उत्पादन हुन्छ ।" फागुनसम्म पनि हिमपात नभए उत्पादन शून्यमा झर्ने उहाँले बताउनुभयो ।

विष्टका अनुसार जिल्लाभर १५ हजार ५६२ हेक्टर क्षेत्रफलमा गहुँ, जौ, केराउ, मसुरो, तोरीलगायतको खेती गरिन्छ । त्यसमा पनि साढे ६ हजार हेक्टर क्षेत्रफलको उत्पादन हिमपातपछि मात्रै हुर्कन्छ । यदि हिमपात नभए त्यो क्षेत्रको उत्पादन शून्यमा झरेर झण्डै १५ हजार परिवारले चरम खाद्य सङ्कट बेहोर्नुपर्ने उहाँले बताउनुभयो ।ज्ञान केन्द्रको तथ्याङ्कअनुसार जिल्लाभर खडेरीका कारण नौ हजार ३३६ मेट्रिकटन खाद्यान्न अपुग हुने देखिन्छ । खेतीयोग्य जमिनमा डोजर चल्दा पनि उत्पादनमा कमी भएको विष्टले बताउनुभयो । उहाँका अनुसार वातावरणीय पक्षलाई ख्याल नगरी सडक निर्माण हुँदा आठ हजार रोपनीभन्दा बढी खेतीयोग्य जमिन बगरमा परिणत भइसकेको छ ।

### अस्पताल आउने अधिकांश कुपोषणका बिरामी

उब्जनी नभएरै सागपात खानबाट पनि धेरै समुदाय पछाडि परेका छन् । जिल्ला अस्पताल बझाङमा खानपानकै कारण लाग्ने रोगका बिरामी बढी आउने गरेका छन् । जिल्ला अस्पताल बझाङमा कार्यरत डा. सिद्धराज रोकायाका अनुसार पर्याप्त पोषिलो खाना नपुगेर गर्भवती, सुत्केरीलगायत बालबालिकाहरू कुपोषणको सिकार भएका छन् । उहाँका अनुसार यस वर्ष अस्पतालतमा खासै नआए पनि गाउँ-गाउँमा कुपोषणले धेरै नै ग्रसित छन् ।"जिल्ला अस्पतालमा आउने अधिकांश बिरामीमा कुपोषणको लक्षण देखिन्छ । उहाँहरूलाई पोषिलो खानपानका लागि सल्लाह दिन्छौं । तर, बिरामीको प्रति प्रश्न कताबाट पाउनु ! भन्ने नै हुन्छ ।" उहाँले भन्नुभयो । खानपानको समस्या टरेको भए पनि बझाङबासी धेरै किसिमका रोगबाट मुक्त हुने उहाँले बताउनुभयो ।

कुपोषणको अवस्था हेर्दा बझाङ मात्रै नभई समग्र हिमाली जिल्लाको अवस्था नै दयनीय छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूमध्ये २६ प्रतिशत दुब्लो र ६ प्रतिशतमा अधिक तौल वा मोटोपना थियो । ५ वर्ष मुनिका २५ प्रतिशत बालबालिकाहरूमा पुड्कोपन (तराई क्षेत्रमा २५ प्रतिशत र हिमाली क्षेत्रमा ४२ प्रतिशत) ८ प्रतिशत बालबालिकाहरूमा ख्याउटेपन (दीर्घकालिन कुपोषण) देखिएको तथ्यांकमा उल्लेख छ । १५ देखि १९ वर्ष उमेर समूहका पुरुषहरूहरूमध्ये ४१ प्रतिशत दुब्लो र ७ प्रतिशत अधिक तौल भएको पाइएको थियो ।

### हिमाली जनजीवन खतरामा : वन मन्त्रालय

जलवायु परिवर्तनको बझाङको मात्रै होइन । समयमै हिमपात नहुँदा हिमाली तथा उच्च पहाडी जिल्लामा चरम खाद्य संकट निम्तिने खतरा भएको वन तथा वातावरण मन्त्रालयका सहसचिव तथा जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. बुद्धिसागर पौडेलले बताउनुभयो । उहाँले राससस‌ँग भन्नुभयो, "कृषि प्रधान मुलुकमा समेत खाद्यसंकट निम्तिनुले जलवायु परिवर्तनको खतरा डिलमै पुगेको बुझिन्छ । यसले मानव जीवनलाई मात्रै होइन, सम्पूर्ण प्राणी जगतलाई नै संकटमा पार्छ ।"

उहाँले जलवायु परिवर्तनको संकट न्यूनीकरणका लागि मन्त्रालयले जनचेतना जगाउनेबाहेक केही गर्न नसकेको स्वीकार्नुभयो । "हामीले मन्त्रालयमा बसेर जनचेतना फैलाउनुबाहेक केही गर्न सकेका छैनौं," उहाँले भन्नुभयो, "जनचेतना पनि लक्ष्यअनुसार फैलिएको छैन । प्लाष्टिकजन्य वस्तुको प्रयोग कम गरे, वन तथा वन्यजन्तुको उचित जगेर्ना गरेमा हामीलाई धेरै राहत हुन्थ्यो ।"

### कोप २८ को बजेट घोषणा पनि अनिश्चित

गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म युएईमा सञ्चालन भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८) मा नेपालका हिमालहरूले प्राथमिकता पाएका थिए । संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणले पनि हुन सक्छ, तापक्रम बढिरहँदा नेपालका हिमालहरू तीव्र गतिमा पग्लिने क्रम चलेको विषयले चर्चा पायो । हुन त सन् २००९ मा नै नेपालले हिमालहरू कालापहाड भएको सन्देश दिइसकेको थियो । कोपेनहेगन सम्मेलनअघि सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक गरेर विश्वका मिडियाले प्रचार गरेका थिए । मन्त्रिपरिषद् बैठकको सन्देश थियो, "नेपालका हिमाल जलवायु परिवर्तनका कारण पग्लिँदै छन् । यसतर्फ विश्व समुदायले सोचोस् ।"

कोप २८ मा नेपालका हिमशृंखलाहरूबारे चर्चा भए पनि त्यसैमा सेलाउने हुन् कि भन्ने धेरैको चिन्ता छ । सदस्य राष्ट्रहरूले जलवायु परिवर्तन न्यूनिकरणका महत्वकांक्षी योजनासहित प्रतिवद्धता देखाए पनि बजेट प्रष्ट नहुँदा कार्यान्वयनमा चुनौती देखिने जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. पौडेलले बताउनुभयो ।

उहाँका अनुसार जलवायुजन्य हानी नोक्सानी कोषमा ७९२ मिलियन अमेरिकी डलर, अनुकुलन कोषमा १८७.७४ मिलियन अमेरिकी डलर र एलडीसी विशेष जलवायु कोषमा १७९.६ मिलियन डलर उपलब्ध गराउने बाचा गरेका छन् । डा. पौडेल भन्नुहुन्छ, "सन् २०२१ पछि हरित जलवायु कोषमा धनी राष्ट्रहरुले प्रत्येक वर्ष हरित जलवायु कोषमा १०० बिलियन डलर जम्मा गर्ने प्रतिबद्धता कार्यान्वयन भएन । फेरि पनि त्यस्तै हुन्छ कि भन्ने आशंका उब्जाएको छ । तर, पनि आशावादी हुनै पऱ्यो ।"

सदस्य राष्ट्रले सन् २०२५ मा बाँकी प्रतिबद्धता अनुसारको रकम एकमुष्ट रुपमा जम्मा गर्ने प्रतिबद्धता जनाएका छन् । एकै पटक २०२५ सम्ममा एकमुष्ट ५ वर्षको ५ सय बिलियन अमेरिकी डलर जम्मा गर्ने प्रतिबद्धताले भने फेरि पुरानै अनिश्चित प्रतिवद्धता हुन सक्ने आशंका भएको उहाँले बताउनुभयो ।ग्लोबल स्टेकेको रिपोर्टअनुसार जलवायुसम्बन्धि कार्यक्रम कार्यान्वयनका लागि विकासोन्मुख मुलुकका लागि २१५ बिलियनदेखि ३८७ बिलियन अमेरिकी डलर प्रतिवर्ष खर्च गर्नुपर्ने छ । विश्व तापक्रम वृद्धि १.५ मा सीमित राख्न सो रकम बराबर खर्च गर्नुपर्ने रिपोर्टमा उल्लेख गरिएको छ ।

### सन् २१०० सम्म हिमालको हिउ एकतिहाइ घट्ने इसिमोडको प्रक्षेपण

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले सार्वजनिक गरेको हिन्दू कुश हिमालय मूल्यांकन प्रतिवेदनमा सन् २१०० सम्ममा हिमालको हिउँ एकतिहाइभन्दा बढीले घट्ने प्रक्षेपण गरेको छ ।मानिसहरूले उद्योग र यातायातमा खनिज तेल, ग्याँस र कोइला प्रयोग गर्न थालेयता विश्व लगभग १.२ डिग्री सेल्सियसले तातो बनेको छ । प्रतिवेदनमा भनिएको छ, "विद्यमान कार्बन उत्सर्जनलाई नघटाए हिमालय क्षेत्रबाट करिब दुईतिहाइ हिउँ नै रित्तिने देखिन्छ ।" १.५ डिग्री सेल्सियसमा सीमित राख्दा पनि हिमालको चुचुरोमा थप ०.३ देखि ०.७ डिग्री सेल्सियससम्म तापमान बढ्ने र त्यसले हिन्दू-कुश क्षेत्रका १६५ करोड मानिसको जीवनयापनलाई जोखिममा धकेल्न सक्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा भनिएको छ, "साइबेरियाजस्ता स्थायी बरफ हुने स्थानका हिउँ पग्लँदा त्यहाँबाट मिथेन ग्यास निस्कन्छ जसले जलवायु परिवर्तनलाई अझ खराब बनाउँछ । हिउँ पग्लिएपछि ध्रुवीय भालुहरू लोप हुने अवस्थामा हुनेछन् । समुद्रमा कार्बन डाईअक्साइडको मात्रा बढेपछि पानी अम्लीय हुने र त्यसले "कोरल रीफ" हरू हराउन सक्नेछन् ।इसिमोडको अध्ययनअनुसार नेपालले विश्वको कुल हरितगृह ग्यासको ०.०२५ प्रतिशत मात्र उत्सर्जन गर्छ । तर, विगत ३० वर्षको तापक्रमको विश्लेषण गर्दा नेपालको तापक्रम उच्चदरमा वृद्धि भएको देखिन्छ । सन् १९७७ देखि २००० बीच वार्षिक औसत ०.०४ डिग्री सेल्सियसका दरले तापक्रम वृद्धि भएको देखिएको थियो ।

### एफएओ र इसिमोडबीच हस्ताक्षर

यसै जनवरी १२ तारिखमा दिगो विकासको लागि सहकार्य गर्ने भन्दै संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन (एफएओ) र इन्टरनेशनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड) बीच (एमओयू) मा हस्ताक्षर गरिएको छ ।

इसिमोडका महानिर्देशक डा. पेमा ग्याम्चो र भुटान-नेपालका लागि एफएओ प्रतिनिधि केन शिमिजुले एमओयूमा हस्ताक्षर गर्नुभएको हो । पहाडी समुदायहरूले सामना गरेका बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्ने सहकार्य गरेर अघि बढ्ने एमओयूमा उल्लेख छ ।इसिमोडका महानिर्देशक ग्याम्चोका अनुसार हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तन, भूमि क्षय, पानीको कमी, महिलाकरण र कृषि जैविक विविधताको हानी पुऱ्याएको विषयमा सम्बोधन गर्न एफएओसँग सहकार्य गरिएको हो ।

एमओयूमा गरिएको हस्ताक्षरको विज्ञप्तिमा इसिमोडका महानिर्देशक ग्याम्चोले भन्नुभएको छ, "यो सहकार्यले पहाडी समुदायहरूले सामना गर्ने जटिल चुनौतीहरूलाई सम्बोधन गर्ने हातेमालो गर्नेछौं । यसमा दुवैतिरका विशेषज्ञतालाई संयोजन गर्न विभिन्न कार्यक्रमहरू अघि सार्नेछौं ।एफएओका महानिर्देशक डा क्यू डोयुले पनि पहाडी समुदाय र कमजोर जनर्‌याले सामना गर्ने चुनौतीहरूको जटिल परिदृश्यलाई एफएओले इसिमोडसँग बलियो साझेदारी बनाउन सहमति गरेको बताउनुभयो ।

## सम्पादकीय

### समयमै भुक्तानी गर

नेपालमा उखुलाई नगदे बालीमा सरकारले राखेको छ । अहिले उखु बाली किसानका लागि उधारोमा पनि घाँडो बनेको छ । सरकारले उखु बालीलाई नगदे बालीको सूचीबाट हटाएको छैन् ।उखु किसानहरुका लागि सरकारले चिनी मिल र किसानबीच सहमति गराएर मूल्य निर्धारण गर्दै आएको छ । सरकारले चिनी मिललाई उखु खरिद गर्न अनुदान पनि दिइरहेको छ । त्यो अनुदानको रकम सोझै किसानलाई जानुपर्ने हो । तर चिनी मिलहरुले किसानको उखु खरिद गरे पनि समयमा भुक्तानी भने गर्दैनन् । कयौं वर्ष भुक्तानी रोक्दा किसान मर्कामा पर्न थालेका छन् । बैंकबाट ऋण काढेर उखु खेती गर्ने किसानले समयमा भुक्तानी नपाउँदा अस्वभाविक मर्कामा पर्छन् । किसानले आफ्नै उत्पादनको रकम लिन ठूलो संघर्ष गर्नुपर्ने बाध्यता छ । किसानहरुलाई समयमा भुक्तानीको व्यवस्था गरिए अझ उत्साहित भएर उखु खेती गर्ने छन् । किसानलाई प्रोत्साहित गर्न सरकार र चिनी मिल दुबै अग्रसर हुनुपर्छ । किसानलाई समयमै भुक्तानी नहुँदा आन्दोलन गर्नुपर्ने बाध्यता उत्पन्न भएको छ । कृषि प्रधान देशका किसानले कडा परिश्रम गरी उत्पादन गरेको बालीको समुचित मूल्य समयमै भुक्तानी नहुँदा भोग्नु पीडाको वयान गर्न संभव पनि छैन् । किसानको पीडालाई सरकारलेपनि समयमै सम्बोधन गर्दैन् । चिनी मिलले किसानको उखु पेलेर नै चिनी उत्पादन गरी बजारमा पठाउछन् । चिनी मिलले बजारबाट समयमै रकम पनि भुक्तानी पाउँछन् । बजारमा चिनी उधारोमा चिनी मिलले बेच्दैन् । चिनी होल्ड(स्टक)गर्दा बजारमा कृत्रिम अभाव सृजना हुन्छ । चिनी मिलले त्यसपछि मनपरी ढंगले चर्को मूल्यमा चिनी बेच्छन् । उखु बिक्रेता किसानले पनि चिनी खरिद गर्नुपर्दा नगदमा नै पाउँछन् । तर उखुको भुक्तानी लिन वर्षौं कुर्नुपर्ने हुन्छ । उखु खेतीबाट धेरै किसान पलायन भइसकेका छन् । किसानलाई फेरि उखु खेतीप्रति आकर्षित नगरिए नेपालमा सञ्चालनमा रहेका मिलहरुलाई समयमा पर्याप्त उखु प्राप्ति गर्न समस्या हुनेछ । यसका लागि सरकार, चिनी मिल र किसान तीनै बीच समन्वय आवश्यक छ । पछिल्लो पटक सर्लाही जिल्लाको इन्दूशंकर चिनी मिलले किसानसित उखु खरिद गरेको हप्ता दिन भित्रै रकम भुक्तानी गर्न थालेको छ । समयमै किसानले भुक्तानी पाउँदा हर्षित देखिएका छन् । तर इन्दूशंकर चिनी मिलले हप्ता दिनमा भुक्तानी दिए जस्तै अन्य चिनी मिलहरुलेपनि समयमै रकम भुक्तानी गर्नु पर्छ । समयमा किसानले भुक्तानी पाउँदा उखु खेतीको क्षेत्रफल बढाउने छन् ।

# मौसम पूर्वानुमानमा फिनल्याण्डबाट नेपालले सिक्नुपर्ने पाठ

**रमेश लम्साल**

दक्ष जनशक्ति, सूचना प्रविधिको सहज र अधिकतम प्रयोग र सरकारको स्पष्ट लगानी हुने हो मौसमसम्बन्धी वस्तुनिष्ट रुपमा जानकारी दिन सकिन्छ भन्ने खास उदाहरण बनेको छ युरोपेली देश फिनल्याण्ड । जलवायु परिवर्तनको असर विश्वव्यापी रुपमा परिरहेको छ । यसले संसारलाई नै सङ्कटको डिलमा पुऱ्याइदिएको छ । सङ्कट एकपछि अर्को गर्दै बढिरहेको छ । यस्तो बेला आम नागरिकलाई सही र वस्तुनिष्ठ सूचना दिनु राज्यको कर्तव्य नै बनिरहेको छ ।

डिलमा आइपुगेको सङ्कटबाट जोगिनका लागि पनि नयाँनयाँ उपायको खोजी गरिनु उत्तिकै अत्यावश्यक छ । फिनल्याण्ड त्यस्तो देश हो, जसले संसारभरका एक सय बढी देशमा मौसम विज्ञान तथा यससँग सम्बन्धित विषयमा आफ्नो अनुभव मात्रै साझा गरेको छैन, सहकार्यको हातसमेत अगाडि बढाएको छ । कति बेला पानी पर्छ, कति बेला हिउँ पर्छ । सुरक्षित नागरिक उड्डयनका लागि के कस्ता उपाय अपनाउनुपर्छ । समुन्द्रिक यात्रा कसरी सुरक्षित बनाउनेलगायत मौसम प्रणालीसँग जोडिएका हरेक विषयमा फिनल्याण्डले अपनाएको ढाँचा आम विश्वका लागि समेत अनुकरणीय बन्दै गएको छ ।

आफूहरूले यस क्षेत्रमा गरिरहेको काम र नेपालसँगको सहकार्यका विषयमा जानकारी गराउने र भावी रणनीति तय गर्ने उद्देश्यका साथ नेपाली प्रतिनिधिमण्डलले यही माघ १५ देखि १७ गतेसम्म फिनल्याण्डको भ्रमण गरेको थियो । त्यहाँको परराष्ट्र मन्त्रालयको संयोजनमा फिनिस मेट्रोलोजिकल इस्टिच्युट (एफएमआई)ले आयोजना गरेको तीन दिवसीय कार्यक्रममा दिइएको जानकारीअनुसार साझा प्रयासबाट मात्रै मौसम पूर्वानुमान र यस क्षेत्रसँग जोडिएका अनेकन काम अगाडि बढाउन सकिन्छ ।

प्रविधिको प्रयोग उत्तिकै आवश्यक छ । त्यसका लागि दक्ष जनशक्ति अपरिहार्य नै छ । राज्यले पनि यस क्षेत्रमा उल्लेख्य मात्रामा लगानी गर्नु जरुरी छ । सरोकारवाला निकायले पनि उत्तिकै सहयोग, सहकार्य र समन्वय जुटाउनु आवश्यक रहन्छ । जलवायु परिवर्तनका कारण उत्पन्न भएको सङ्कटसँग लड्नका लागि पनि मौसम पूर्वानुमानको विषय आफैँमा अहम् रहन पुगेको छ ।

फिनिस मेट्रोलोजिकल इस्टिच्युट आफैँमा स्वायत्त संस्था हो । यसले आफूलाई एक सेवाग्राही र व्यावसायिक संस्थाका रुपमा पनि आफूलाई स्थापित गरेको छ । एक सय जना बढी दक्ष जनशक्ति मौसम पूर्वानुमानका लागि खटिएका छन् । नेपालको जल तथा मौसम विज्ञान विभागमा मौसम पूर्वानुमानका लागि मात्रै १० जना जनशक्ति कार्यरत छन् । प्रविधिका हिसाबले नेपालमा पनि अत्याधुनिक उपकरण जडान भएको भए पनि जनशक्ति भने यथेष्ट उपलब्ध हुन नसक्दा अपेक्षित परिणाम हासिल हुन सकेको छैन ।

विभागका महानिर्देशक जगदिश्वर कर्माचार्यका अनुसार मौसम विज्ञान आफैँमा एउटा रणनीतिक महत्वको क्षेत्र हो । यसमा जनशक्तिका साथसाथै प्रविधिको प्रयोग पनि उत्तिकै महत्वपूर्ण रहेको छ । नेपालमा पनि मौसम पूर्वानुमानलाई भरपर्दो र व्यवस्थित बनाइएको छ । पछिल्लो १० वर्षमा यस क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । विश्वमा उपलब्ध भएका अत्याधुनिक प्रविधिको प्रयोग पनि गरिएको छ । दक्ष जनशक्तिको अभाव भने कायमै छ ।

विभागको क्षमता अभिवृद्धिमा फिनल्याण्डले महत्वपूर्ण सहयोग गर्दै आएको जानकारी दिँदै उहाँले भरपर्दो र वैज्ञानिक मौसम पूर्वानुमानका लागि थप अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो । फिनिस मेट्रोलोजिकल इस्टिच्युट मातहत मौसम पूर्वानुमानका अलावा विभिन्न संयन्त्रबाट प्राप्त हुने तथ्याङ्कको विश्लेषण गर्ने, सम्बन्धित सेवाग्राहीलाई सूचना प्रदान गर्ने छुट्टाछुट्टै निकाय क्रियाशील छ । त्यसले समग्र मौसम र जलवायुका बारेमा मसिनो अध्ययन गर्छ ।

बाढी पहिरो, आगलागी, वर्षा, सुनामी र हवाई उड्डयनका बारेमा सूचना सङ्कलन गर्ने, विश्लेषण गर्ने फरकफरक संयन्त्र क्रियाशील छन् । प्रचारप्रसारका लागि उत्तिकै बलियो संयन्त्र पनि सँगै छ । त्यस संयन्त्रले आम सञ्चार माध्यमका लागि सहजरुपमा सूचना उपलब्ध गराउँछ । व्यावसायिक उद्देश्यले सञ्चालनमा रहेका संस्थालाई भने निश्चित रकम लिएर मात्रै तथ्य तथ्याङ्क उपलब्ध गराउँछ ।

फिनिस मेट्रोलोजिकल इन्स्टिच्युट कानुनद्वारा सञ्चालित संस्था हो । नेपालको मौसम विज्ञान विभागको भने हाल कानुन मस्यौदाको क्रममा छ । एउटा महत्वपूर्ण संस्था भए पनि हालसम्म यसको कानुनी संरचना भने बन्न सकेको थिएन । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले यस संस्थाको महत्वलाई थप स्थापित गर्ने र कामकाजलाई थप वैज्ञानिक र समयानुकूल बनाउने उद्देश्यका साथ कानुनी आधार तयार पार्ने काम अगाडि बढेको जानकारी दिनुभयो ।

एफएमआईलाई बहुवर्षीय र वार्षिकरुपमा बजेट उपलब्ध गराउने कानुनी प्रावधान छ । अधिकार प्राप्त संस्था भएकाले पनि स्वायत्तरुपमा आफैँ निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार पनि प्राप्त गरेको एफएमआईका महानिर्देशक पिट्टारी ताल्साको भनाइ छ । उहाँका अनुसार फिनल्याण्ड सरकारले एफएमआईलाई कूल खर्चको ५८ प्रतिशत बराबरको बजेट उपलब्ध गराउँछ ।

यस्तै सहलगानी गरेका निकायबाट राजस्वका रुपमा २४ प्रतिशत, व्यावसायिक संस्थाबाट १६ प्रतिशत र यसका अन्य सरोकारवाला निकायबाट एक प्रतिशत बराबर सहयोग प्राप्त गर्ने गरेको छ । सन् २०२३ मा मात्रै संस्थाले ९५ दशमलव पाँच मिलियन युरो बराबरको बजेट बनाएर कार्यान्वयनमा ल्याएको थियो । एफएमआई आफैँले आम्दानी गर्ने गरेको छ ।

संस्थाको लागि आवश्यक कर्मचारी प्रबन्धका लागि एफएमआईमा नै विशिष्ट निकाय छ । त्यसले दक्ष कर्मचारीको चयन गर्ने, थप सीपयुक्त बनाउने, कार्यक्षमताको विकासमा ध्यान दिने तथा कार्य सन्तुष्टि सर्वेक्षण गर्ने र कामलाई पूर्णरुपमा सीपयुक्त बनाउने गरेको छ । संस्थामा ६१ दशमलव चार प्रतिशत पुरुष र ३८ दशमलव छ प्रतिशत महिला कर्मचारी कार्यरत छन् । उमेर समूहका आधारमा ३५ देखि ४४ वर्षसम्मका कर्मचारीको सङ्ख्या बढी छ ।

एफएमआईले फिनल्याण्डको सैनिकलाई समेत मौसमको समग्र अवस्थाको बारेमा जानकारी दिने गरेको छ । त्यसबाट सैनिक गतिविधि सञ्चालन गर्न, देशको सुरक्षा संयन्त्रलाई थप सबल बनाउन सहयोग पुगेको छ । यसैगरी हावाको गुणस्तर मापन गर्ने कामसमेत एफएमआईले नै गर्ने गरेको छ । यस संस्थाले दैनिक तीन लाख बढी प्रयोगकर्तालाई समग्र मौसमको बारेमा जानकारी उपलब्ध गराउने गरेको छ ।यस्तै, चट्याङका बारेमा मात्रै छ लाख ९० हजार विवरण उपलब्ध गराएको थियो । फिनल्याण्डभर नै कूल १७ हजार वटा मौसम पूर्वानुमान केन्द्र सञ्चालनमा छन् । आफ्नै भूउपग्रह पनि सञ्चालनमा छ । सन् २०१७ मा प्रक्षेपण गरिएको अल्टो एक नामक उक्त भूउपग्रहले मौसमसम्बन्धी सम्पूर्ण जानकारी दिने गरेको छ ।

स्थानीय मौसमसम्बन्धी जानकारी दिने 'मोबाइल एप' मात्रै आठ लाख ५० पटक डाउनलोड भएको छ । स्थानीयका आलावा विदेशका लागिसमेत पूर्वानुमान सार्वजनिक गर्ने गरेको छ । मौसमी राडारले पनि आवश्यक काम गरिरहेको छ । चट्याङ पर्दै गरेको जानकारी समेत मोबाइल एपमा नै उपलब्ध हुने गरेको छ । त्यसबाट जनधनको क्षति हुनबाट जोगाउन ठूलो सहयोग पुगेको महानिर्देशक ताल्साको भनाइ छ ।

संसारका एक सय बढी देशको समग्र मौसम पूर्वानुमानको क्षेत्रमा समेत एफएमआईले सहयोग आदानप्रदान गर्ने गरिरहेको छ । सो संस्थाले नेपालको मौसम विज्ञान विभागलाई आधुनिकीकरण गर्न सहायता उपलब्ध गराएको छ । विश्व बैंकको समेत यसमा सहयोग छ ।

मौसमको पूर्वानुमान, क्षमता वृद्धि, उपकरण जडान तथा सञ्चालनका अलावा तथ्याङ्क व्यवस्थापनको काममा सो संस्थाले महत्वपूर्ण सहयोग गरेको विभागका महानिर्देशक कर्माचार्यको भनाइ छ । फिनल्याण्ड सरकारले नेपालमा तेस्रो चरणको कार्यक्रम समेत अगाडि बढाउने तयारी थालेको परियोजना निर्देशक जेनी लत्तिकाको भनाइ छ ।

क्षमता विकास कार्यक्रममार्फत प्राकृतिक विपद्को न्यूनीकरण गर्दै जनधनको क्षति रोक्नका लागि सो कार्यक्रमले थप प्रभावकारी भूमिका खेल्ने विश्वास लिइएको छ ।

# सूचना प्रविधिको विकास र प्रयोग उच्च प्राथमिकतामा : मन्त्री शर्मा

टुडे समाचारदाता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारले सूचना प्रविधिको विकास र प्रयोगलाई उच्च प्राथमिकतामा राखेको बताएकी छन् । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको २० औँ वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित समारोहमा उहाँले सूचना प्रविधिको आधार भूत पूर्वाधार दूरसञ्चार भएको उल्लेख गर्दै भनिन्, “सरकारको डिजिटल नेपालको अवधारणा कार्यान्वयन गर्न अप्टिकल फाइभर विस्तार गरी सूचना महामार्ग निर्माण गर्ने, मुलुकका सबै क्षेत्रमा दूरसञ्चार सेवाको पहुँच र गुणस्तर वृद्धि गर्ने तर्फ कम्पनीका कार्यक्रम परिलक्षित छन् ।”



उनले टेलिकमबाट वितरण भएका सम्पूर्ण सेवालाई नमुना दूरसञ्चार सेवाका रुपमा विकास गर्नका लागि यस वर्ष १९ जिल्लालाई छनोट गरी पूर्वाधार विस्तार, सेवाको पहुँच, सेवाको गुणस्तर, मर्मत सम्भार, सेवाको वितरण प्रभावकारी बनाउने व्यवस्था मिलाइएको बताईन् । मन्त्री शर्माले भनिन्, “सबै राजमार्गमा पहुँच र गुणस्तरीय सेवा पुऱ्याउने विषयलाई कार्यक्रममा राखिएको छ। यस वर्षदेखि सस्तो दरमा इन्टर नेटको अन्तर्राष्ट्रिय ब्याण्डविथ सेवा खरिद भएको छ ।” साथै उनले हासिल हुन नसकेको बाँकी उपलब्धिको कारण पहिल्याई कमिकमजोरीमा सुधार गरी थप कार्ययोजना र ऊर्जाका साथ एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरिन् ।

यसबाहेक कम्पनीमा भइराखेका अनुत्पादक खर्च नियन्त्रण गर्न र कम्पनीको हालको अवस्थाअनुसार कम्पनीले आगामी दिनमा लिने पहलमा सुक्ष्म रुपमा अध्ययन गरेर बजारको अवस्था र आगामी दिनमा आइपर्ने कुरालाई ध्यानमा राखी प्रविधि, व्यापार, आर्थिक र सञ्चालन मोडेलबारे दीर्घकालीन व्यावसायिक योजना तयार गर्न उनले आग्रह गरिन् ।

मन्त्री शर्माले भनिन्, “समग्र दूरसञ्चारको क्षेत्रमा देखिने बेथिति र अन्योल हटाउन मन्त्रालयले नीतिगत र प्रशासनिक दुबै खालका काम अघि बढाइएको छ । लाइसेन्स खारेज भएका कम्पनीका सम्पत्ति व्यवस्थापन गर्ने कानुन संशोधनदेखि एनसेलको शेयर खरिद बिक्री प्रकरणमा छानबिन गरी प्रतिवेदन लिनेलगायतका काम सरकारले गरेको छ ।” यस वर्ष मात्रै नयाँ फ्रिक्वेन्सी नीति, २०८० जारी गरेर नेपालको विकासमा अत्यावश्यकीय र राष्ट्रलाई महत्वपूर्ण योगदान दिने दूरसञ्चार क्षेत्रलाई थप व्यवस्थित गर्ने गरी कार्यान्वयनमा ल्याएको जानकारी गराउँदै उनले अब जतिसक्दो चाँडो डिजिटलाइजेसनमा जानुपर्ने उल्लेख गरिन् ।

“त्यसका लागि डिजिटल पूर्वाधार अनिवार्य शर्त हो । दूरसञ्चार क्षेत्रको विकासले मात्र डिजिटलाइजेसनमा योगदान दिने भएकाले पनि यसलाई बढी प्राथमिकता दिनुपर्ने अवस्था छ”, उनले भनिन् । दूरसञ्चारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यावसायिक क्षेत्रमा देखिएका वर्तमान चुनौतीको असर नेपाल टेलिकममा पनि देखा पर्न थालेको बताउँदै मन्त्री शर्माले यस्तो विषम परिस्थितिमा कर्मचारी, शेयर लगानीकर्ता, कम्पनी सबैको हित रक्षा गर्दै कम्पनी सञ्चालन गर्नुपर्ने अवस्था उल्लेख गरिन् । साथै उनले कर्मचारीको सेवा सुरक्षालाई व्यवस्थित गर्न व्यवस्थापनबाट पहलकदमी भएको उल्लेख गर्दै योगदानमा आधारित पेन्सन योजना कार्यान्वयनमा गएको बताईन् ।

कार्यक्रममा मन्त्रालयलका सचिव एवं टेलिकमका अध्यक्ष रामकृष्ण सुवेदीले टेलिकमले राष्ट्र र जनताका लागि पुऱ्याएको सेवाको सरहाना गर्दै प्रतिपर्धी युगमा आफ्ना सेवा थप गुणस्तरीय र सुलभ बनाउने चुनौती रहेको बताए । साथै उनले टेलिकमले नाफासँगै सेवालाई पनि थप गुणस्तरीय बनाउँदै लैजानुपर्ने बताउँदै आफ्ना सेवाको विस्तारमार्फत सरकारको डिजिटल नेपालको अवधारणमा सहयोग गर्नुपर्ने उल्लेख गरे । सचिव सुवेदीले टेलिकमलाई आन्तरिक कार्यवातावरणलाई चुस्त बनाउन आग्रह गर्दै नेपाल सरकारका तर्फबाट टेलिकमललाई आवश्यक सहयोग हुने प्रतिबद्धतासमेत व्यक्त गरे ।

नेपाल दूरसञ्चार प्राधिकरणका कार्यबाहक अध्यक्ष नवराज अधिकारीले नेपालको दूरसञ्चार क्षेत्रको विकासमा टेलिकमको अहम भूमिका रहेको उल्लेख गर्दै प्रविधिमा छिटोछिटो हुने विकाससँगै देखा परेका चुनौतीको सामना गर्न तयार रहिरहनुपर्ने बताए । उनले यसका लागि क्षमता विस्तारलगायत कामको आवश्यकतामा जोड दिँदै नियामक निकाय दूरसञ्चार प्राधिकरणका तर्फबाट हुने आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल)ले संस्थाका गतिविधि र भावि कार्यक्रमबारे जानकारी गराउँदै कठिन परिस्थितिमा पनि कम्पनीका सेवालाई अविछिन्न रुपमा गुणस्तर कायम राख्दै सञ्चालन गर्नका लागि सरोकारवाला सबैबाट प्राप्त सहयोग र सद्भावका लागि आभार व्यक्त गरिन् । कम्पनीको कर्मचारी तर्फका सञ्चालक समिति सदस्य शङ्कर लामिछानेले सरकारको नीतिगत तथा अन्य आवश्यक सहयोग रहिरहेमा टेलिकमले सदैव गुणस्तरीय र सुलभ सेवा प्रदान गर्न सफल भइरहने उल्लेख गरे । सो अवसरमा विभिन्न कर्मचारीलाई दीर्घसेवा पदकबाट सुशोभित गरिएको थियो भने टेलिकम क्षेत्रको विविध विषयलाई समेटेर प्रकाशन गरेको स्मारिका विमोचन गरिएको थियो ।

# दरिलो भूमिका खेल्न प्रधानमन्त्रीको निर्देशन

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले संसद्मा जनताका पक्षमा दरिलो भूमिका खेल्न पार्टीका सांसदलाई निर्देशन दिएका छन् ।



माओवादी केन्द्र संसदीय दलको कार्यालय सिंहदरबारमा सोमबार बिहान बसेको बैठकमा अध्यक्ष प्रचण्डले पार्टीको नीति एवं सरकारले गरेका राम्रा कामबारे संसद्मा दरिलोरूपमा प्रस्तुत गर्न निर्देशन दिएका हुन् ।

“सरकारका काम र पार्टीको नीतिअनुसार राम्रो तयारी गरी दर्बिलोसँग संसद्मा प्रस्तुत हुनुहोस”, प्रधानमन्त्री दाहालले भने, “सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा अधिकतम प्रयास गरिएको छ ।

सरकारले राम्रो काम गरिरहेको छ । यी विषयमा सदनमा आफ्ना कुरा राख्नुहोस ।”प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षमा परिणाम निस्किने गरी बजेट ल्याउने तयारी गरिएको जानकारी दिँदै रु तीन करोडभन्दा साना योजना केन्द्रमा नराखी तल्लो तहमा पठाइने उल्लेख गरे ।

उनले गठबन्धनको साझा दृष्टिकोण बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । “सङ्घीय लोकतन्त्र गणतन्त्र हामीहरुको सक्रियताले प्राप्त भएको व्यवस्था हो । यसको रक्षा गर्दै अगाडि बढ्नुको विकल्प छैन”, उनले भने । प्रधानमन्त्री दाहालले वर्तमान व्यवस्था विरोधी गर्नेहरुको विरूद्ध र व्यवस्थाको पक्षमा वैचारिक रूपले प्रस्तुत हुन समेत निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले सरकार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण नयाँ ढङ्गले गर्न लागिरहेको बताए । उनले सांसद र जनताले समेत बहस गर्ने र उनीहरूको कुरा पनि समावेश हुनेगरी नीति तथा कार्यक्रम र बजेट बनाइने उल्लेख गरे । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक यही अधिवेशनबाट सहमतिमा पास गर्ने प्रयास भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, “सकेसम्म सहमतिबाट टिआरसी विधेयक टुङ्ग्याउँदा सबैको हितमा हुन्छ । सोही प्रक्रियामा जानुपर्छ ।”

बैठकमा सांसदहरुले चालु अधिवेशनमै सङ्क्रमणकालीन विषय टुङ्ग्याइनुपर्नेमा जोड दिएका थिए ।

बैठकमा सांसदहरुले आगामी आर्थिक वर्षको बजेट रोजगारी सिर्जना र कृषि क्षेत्रमा केन्द्रित गर्न सुझाव दिनुभएको थियो । बैठकमा सांसद जनार्दन शर्मा, महेन्द्रबहादुर शाही, सुरेश आले मगललगायतले धारणा राखेका थिए ।

# बोल्ने स्वतन्त्रता हुनुपर्ने सांसद यादवको भनाई

काठमाण्डु । संसद् भनेको जनताको कुरा राख्ने प्रभावकारी थलो हो । तर, सदनमा देशका महत्वपूर्ण विषयमा सांसदले स्वतन्त्र रुपमा आफ्नो कुरा राख्न पाउँदैनन् । ‘यो कुरा बोल्ने’ भनेर पार्टीबाट ह्वीप जारी हुन्छ । यसले गर्दा सांसदले पार्टीले भनेको भन्दा बाहिर बोल्न पाइँदैन । सांसदलाई धेरै गाह्रो छ । यसमा यो वा त्यो पार्टी हैन । सबै राजनीतिक दलको अभ्यास यस्तै छ । आफ्ना सांसदलाई राम्रोसँग कुरा राख्न पर्याप्त समय पनि दिइँदैन । जनताले चुनेर जनप्रतिनिधिको हैसियमा सदनमा सांसदलाई पुर्याउँछन् । किनकी जनताको कुरा, आवश्यकता र समस्या सांसदले कुरा उठाउन् भन्ने उनीहरुको चाहना हुन्छ ।



सांसदले स्वतन्त्र ढङ्गले मनको कुरा राख्न पाउनुपर्छ । त्यसमा पार्टीले बन्देज गर्नुहुँदैन । सदनमा कथम् आफ्नो कुरा राख्यो भने पार्टीले ‘यस्तो कुरा किन उठाउनुभयो, यो कुरा राम्रो भएन । दायाँ घुम बायाँ घुम’ पार्टीको नीतिअनुरुप दायाँबायाँ जान पाउँदैनन् सांसदहरु । तर पनि मैले सदनमा आफ्नो कुरा स्पष्ट राख्ने प्रयास गरेँ । म माथि पार्टीको ह्वीप जारी भएन, आफ्नो कुरा निर्धक्क राखेँ ।

अहिले संसद् जुन ढङ्गले चलिरहेको छ त्यो ठीक छैन । संसद् भनेको स्वतन्त्र ढङ्गले चल्नुपर्छ । सांसदलाई बोल्ने स्वतन्त्रता हुनुपर्छ । त्यो स्वतन्त्रता छैन । पाँच/सात जनाको समूहको घेराबन्दी हुन्छ । घुमाइ फिराइ उनीहरुको मात्रै पहुँच हुने, माथिल्लो तहमा अवसर लिने परिपाटी छ । यो कुरा मैले सदनमा बारम्बार उठाएको थिएँ ।

जनप्रतिनिधिको मुख्य दायित्व कानुन निर्माण हो, सँगसँगै विकास निर्माणमा पनि केन्द्रित हुनुपर्ने बाध्यता छ । विकास निर्माणका काममा ध्यान दिन सकिएको छैन । अहिले विकास निर्माणका कामहरु प्रभावकारी हुन सकेको पाइन्न । सबैजसो क्षेत्रमा बेथिति मौलाएको छ । प्रजातन्त्र आएपछि जति सरकार बने पनि ती सबै सरकारको प्रभावकारिता बढेको देखिँदैन । राजनीति कमाउने साधनजस्तो बनेको छ ।

जनप्रतिनिधिको मुख्य काम कानुन निर्माण हो । तर, सांसदले कानुन निर्माणमा सक्रिय हुन पाएका छैनन् । बरु उनीहरु जिल्ला, निर्वाचन क्षेत्रमा बढी केन्द्रित भएका छन् । किनकी राजनीतिक दलहरुको कमजोरी, सत्ता परिवर्तनको दाउपेच, राजनीतिक लुछाचुँडीले सदनलाई प्रभावकारी बनाउन सकिएको छैन । राजनीतिक सौदाबाजीले जनताको मुद्दालाई मुखरित गर्न सकिएको छैन ।

सदनमा सांसदको भूमिका पनि प्रभावकारी छैन । स्वतन्त्र सांसदले खुलस्तरुपमा आफ्नो कुरा राख्छन् तर, पार्टीका सांसदले स्पष्ट कुरा राख्न सकिरहेका छैनन् । आगामी दिनमा सदनको कामकारबाहीलाई प्रभावकारी बनाउन नसके देशको विकास र जनताको आकाङ्क्षा पूरा हुँदैन ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय सरकारले प्रदेश सरकारलाई पर्याप्त अधिकार दिनुपर्छ । अधिकारविहीन भएको गुनासो गर्दै प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरुले बारम्बार सङ्घीय सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । तथापी, अहिले पनि सुनुवाइ भएको छैन । मुख्यमन्त्रीलाई प्रदेश प्रमुख, सिडियोले टेर्दैनन् । सङ्घ र प्रदेशबीच पनि एक किसिमको फाटो छ ।

जनप्रतिनिधिको हैसियतले सदनमा संसद्को काम बारबाहीलाई पारदर्शी र प्रभावकारी बनाइनुपर्छ । जनताको शिक्षा, स्वास्थ्य, कृषिमा सुधार ल्याउने, गरिबी निवारण, रोजगारी सिर्जना, बेरोजगारीको अन्त्य गर्नेजस्ता कुरालाई सदनले प्राथमिकता दिनुपर्छ । जनतामा पनि चेतना, जागरण आउन जरुरी छ । मुख्य कमजोरी जनतामा पनि छ । जनताले चाह्यो भने परिवर्तन हुन्छ । एक दिन त देशमा परिवर्तन पक्कै हुन्छ ।

अहिले सरकार र राजनीतिक दलको भूमिका प्रभावकारी हुनुपर्छ । प्रणालीमा सुधार गर्दै जनतालाई केन्द्रमा राखेर इमान्दारीपूर्वक दायित्व निर्वाह गर्नुपर्छ । जनतामा एक किसिमको वितृष्णा बढेको छ । यसलाई समयमै सम्बोधन गर्न सरकार र दलप्रति जनताको आशा, भरोसा र आत्मविश्वास बढाउनेतर्फ सबै राजनीतिक दल, सरकार र सदन सजक हुन जरुरी छ । त्यसैले जनप्रतिनिधिको थलो संसद्को भूमिकालाई भरोसायोग्य बनाउन सबै जिम्मेवारपूर्वक लाग्नुपर्ने अहिलेको अपरिहार्यता हो ।

सांसद गङ्गाप्रसाद यादवको परिचय

विसं २०३७ देखि विद्यार्थी राजनीतिमा लाग्नुभएका यादव विस २०४७ राजनीतिक दलमा आबद्ध हुनुभयो । विस २०३६ मा अनेरास्ववियुमा सङ्गठित भई सिरहा क्याम्पसको स्ववियु सदस्यमा निर्वाचित हुनुभयो ।

विसं २०४३ मा तत्कालीन उप-प्रधानपञ्च (जनपक्षीय) निर्वाचित हुनुभएका प्रजातान्त्रिक एकता मञ्चको जिल्ला उपाध्यक्ष, विसं २०४६ मा वाममोर्चाको सदस्य तथा विसं २०४७ मा नेकपा (एमाले)को सदस्यता प्राप्त गरी जिल्ला कमिटी प्रवेश गर्नुभयो । आठौँ महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित भइहाल पार्टीको केन्द्रीय सदस्य रहनु भयो । सांसद यादव अहिले एमालेको तर्फबाट मधेसीकोटामा सिराहाबाट प्रतिनिधिसभामा समानुपातिक सांसद हुनुहुन्छ ।रासस

# आर्थिक परिवर्तनको मेरुदण्ड शिक्षा रहेको अर्थमन्त्रीको भनाई

टुडे समाचारदाता

त्रिशूली । अर्थमन्त्री डा प्रकाशरण महतले आर्थिक परिवर्तनको मेरुदण्ड नै शिक्षा हो भनेका छन् ।



सोमबार नुवाकोटको दुप्चेश्वर गाउँपालिका-२ स्थित वीरेन्द्र माध्यमिक विद्यालयको ३५औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले रोजगार सिर्जना, आर्थिक उपार्जनलगायत क्षेत्रका लागि शिक्षा नै पहिलो आधार रहेको बताए ।

“विकासका लागि पूर्वाधार निर्माण आवश्यक पर्दछ । यसले दैनिक जीवनयापनमा सहजता ल्याउने भए पनि त्योभन्दा ठूलो शिक्षाको विकास सबैभन्दा शक्तिशाली माध्यम हो”, अर्थमन्त्री महतले भने, “आम्दानीको स्रोत बढाउन, बचत गर्न र भविष्य कसरी उज्वल बनाउन सकिन्छ भन्ने मुख्य बाटो नै शिक्षाले देखाउँछ ।”व्यवस्थित सडक, खानेपानी, सिँचाइ कुलो, स्वास्थ्य सेवा सबै विकासको सूचक भएकाले त्यसलाई शिक्षाका माध्यमबाट दक्ष बनाई उपयोगी र रोजगारमुखी बनाउन सरकारले शिक्षाको गुणस्तरमा जोड दिएकाले सोहीअनुसार लाग्न उनले अभिभावक र विद्यालय प्रशासनलाई आग्रह गरे ।“भागबण्डा गर्न नपर्ने र अरुले चोरी गर्न नसक्ने हुदाँ सीप र शिक्षा सबैभन्दा ठूलो सम्पत्ति हो”, अर्थमन्त्री महतले भने, “पढाइमा गरेको लगानी खेर जादैन । प्रतिफल मिल्छ । समयअनुसार प्रविधिमैत्री र प्राविधिक शिक्षामा केन्द्रित हुनुपर्छ ।” उमेरअनुसार शिक्षा लिन नपाएकालाई राज्यले रोजगारको सिर्जनाका लागि तालिम दिएर दक्ष जनशक्ति बनाउन लागिएको उनले बताए ।

होटल र होमस्टेका विभिन्न विधाका सीप सिकाउनेदेखि विद्युतीय सामग्री ममर्तलगायत मागमा आधारित तालिमबाट रोजगारको सिर्जना गर्न शिक्षा र सीपमा सरकारले नयाँ योजना बनाएर आवश्यकताअनुसार बजेट उपलब्ध गराउने उनको भनाइ थियो ।

# प्रतिपक्षको भूमिका निर्वाह गर्ने तयारीमा एमाले

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले)को संसदीय दलले सङ्घीय संसद्को हिउँदे अधिवेशनमा अनिवार्य उपस्थित भएर प्रभावकारी भूमिका निर्वाह गर्न सो दलका सांसदलाई निर्देशन दिएको छ ।



सङ्घीय संसद्को हिउँदे अधिवेशन सोमबार दिउँसो ४ बजेदेखि सुरु भएको छ । सो दलका सचेतक महेश बर्तौलाले आइतबार सम्पन्न दलको बैठकमा सो निर्णय भएअनुसार निर्देशन दिइएको जानकारी दिए । उनले चालु अधिवेधनका बैठकहरुमा विगतमा भन्दा अझ सशक्त र प्रभावकारीरुपमा प्रतिपक्षको भूमिका निर्वाह गरिने बताए ।

दलको बैठकले संसद्को अधिवेशनमा संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण, सामाजिक न्याय, सुशासन, समृद्धि र राष्ट्रिय हितमा प्रभावकारी भूमिका खेल्न पनि निर्देशन दिएको छ ।

यस्तै बैठकले युवा पलायन रोक्न र पश्चिम एसियामा बिग्रँदो शान्ति सुरक्षाको अवस्थालाई ध्यान दिई अप्ठ्यारोमा रहेका नेपाली युवालाई अविलम्ब स्वदेश फर्काउन सरकारलाई आग्रह गरेको छ ।

# मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान

टुडे समाचारदाता

काठमाण्डु । निर्वाचन आयोगले विभिन्न तहमा रिक्त उपनिर्वाचनका लागि मिति तोक्नुभन्दा अगाडि मतदाता नामावलीमा छुटेका योग्य नेपाली नागरिकलाई आफ्नो नाम दर्ता गर्न आह्वान गरेको छ ।

ती पदमा उपनिर्वाचनद्वारा पदपूर्ति गर्न नेपाल सरकारसँग परामर्श गरी उपयुक्त समयमा कानुनबमोजिम उपनिर्वाचनका लागि मिति तोक्ने गरी आन्तरिक तयारी प्रारम्भ गरिएको आयोगले जनाएको छ । विभिन्न कारणले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका देशभरका नागरिकका साथै विशेषगरी पद रिक्त भएका सम्बन्धित स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र र प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका योग्यता पुगेका नागरिकलाई उपनिर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगले सोमबार आग्रह गरेको हो ।

गत २०७९ वैशाख १० गते स्थानीय तह निर्वाचन तथा २०७९ मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भएपश्चात् विभिन्न स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य गरी २३ पद रिक्त भएको थियो ।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ ९२० बमोजिम निर्वाचनको मिति तोकिएपछि सोही मितिदेखि उक्त निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगित गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगले नियमितरूपमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमार्फत मतदाता नामावली दर्ता गर्ने कार्य गर्दै आएको छ । मतदाता दर्तासम्बन्धी विद्यमान कानुनी व्यवस्थाबमोजिम देशभरका योग्यता पुगेका सबै नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता भएकै छ भन्नेमा आयोग विश्वस्त रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

# बूढीगण्डकी आयोजनाको काम अघि बढ्छ : प्रधानमन्त्री

टुडे समाचारदाता

गोरखा । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले गोरखाको जनप्रतिनिधिलाई बन्द अवस्थामा रहेको गोरखकाली रवर उद्योग र बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको कामलाई तत्काल अगाडि बढाउने जानकारी दिएका छन् ।

आइतबार साँझ बालुवाटारमा पुगेका गोरखा जिल्लाका विभिन्न गाउँपालिका प्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधिसँगको भेटमा प्रधानमन्त्रीले निर्वाचनका बेला गरिएका प्रतिबद्धता पूरा हुने बताएको बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिए ।

प्रधानमन्त्री दाहालसँगको भेटमा गाउँपालिकाका प्रमुखले आ-आफ्नो पालिकाभित्रका अवस्था र विकास निर्माणका योजना तथा आवश्यकतालगायतका विषयमा जानकारी गराएको उनको भनाइ छ ।

“छलफलमा प्रधानमन्त्रीसँग हामीले गाउँपालिकाको तर्फबाट विषयवस्तु राख्यौँ”, अध्यक्ष भट्टले भने, “उनले जनप्रतिनिधिले उठाएका विषयवस्तुमा केन्द्रित भएर धारणा व्यक्त गरे ।”

छलफलमा प्रधानमन्त्रीले गोरखा र धादिङको सिमानामा निर्माण लागिएको राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको जलासयुक्त बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको काम तत्काल अघि बढाउन लागिएको जानकारी गराएका थिए ।

“बूढीगण्डकी आयोजनाको काम छिट्टै अघि बढाउने प्रतिबद्धता प्रधानमन्त्रीको छ”, उनले भने, “आयोजना निर्माणले अब गति लिन्छ भन्ने विश्वास लिएका छौं ।”

प्रधानमन्त्रीले गोरखा नगरपालिका-१३ स्थित देउरालीमा रहेको बन्द गोरखकाली रबर उद्योगसमेत छिट्टै सञ्चालन गर्न लागेको जानकारी गराएको अध्यक्ष भट्टले बताए । “बन्द अवस्थामा रहेको रबर उद्योग पिपिपी मोडलमा अगाडि बढाउने योजनामा प्रधानमन्त्री हुनुहन्छ”, उनले भने, “हामीसँगको कुराकानीका आधारमा जग्गा सरकारकै पूर्ण स्वामित्वमा रहने गरी अन्य संरचनामा निजी क्षेत्रसँग समेत साझेदारी गरेर उद्योग सञ्चालन गर्ने प्रधानमन्त्रीको सोच छ ।”

जनप्रतिनिधिसँग प्रधानमन्त्रीले गोरखामा सडकलगायतका अन्य भौतिक पूर्वाधार विकासका लागि आगामी आवमा चालु आव २०८०/०८१ मा भन्दा बढी सुधार हुने गरी बजेट विनियोजन गर्ने प्रतिबद्धतासमेत गर्नुभएको उहाँले जानकारी दिए ।

प्रधानमन्त्रीलाई भेट्न जिल्ला समन्वय समिति गोरखाका प्रमुख मोहनबहादुर थापामगर उपप्रमुख लिला परियारसहित भीमसेन थापा गाउँपालिका, गण्डकी गाउँपालिका, बारपाक सुलिकोट गाउँपालिका, अजिरकोट गाउँपालिका, चुमनुब्री गाउँपालिका, गोरखा नगरपालिका, पालुङटार नगरपालिका, धार्चे गाउँपालिका र सहिद लखन गाउँपालिकाका जनप्रतिनिधिलगायत बालुवाटार पुगेका थिए ।

# अमेरिकी विदेशमन्त्री ब्लिन्केन मध्यपूर्वतर्फ प्रस्थान

एएफपी

गाजा पट्टी। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन इजरायल-हमासबीच नयाँ युद्धविराम सुनिश्चित गर्नका लागि सोमबार मध्यपूर्व प्रस्थान गर्नुभएको छ।

अक्टोबर ७ मा हमासको आक्रमणपछि पाँचौँ पटक यस क्षेत्रको भ्रमण गरेका ब्लिन्केनले साउदी अरब, इजरायल, इजिप्ट र कतारको भ्रमण गर्ने अपेक्षा गरिएको छ।करिब पाँच महिनादेखि जारी युद्धको घेराबन्दीमा परेको क्षेत्रमा विनाशकारी असर परेको भन्दै सहायता समूहहरूले बारम्बार चेतावनी दिएपछि उहाँले गाजामा मानवीय आवश्यकतालाई तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिनुभएको छ।

'अवस्था अवर्णनीय छ,' गाजा पट्टीमा रहेको आफ्नो घरबाट भागेर इजिप्टको सिमानामा रहेको दक्षिणी शहर राफामा पुगेका प्यालेस्टाइनी नागरिक हमौदाले भन्नुभयो। संयुक्त राष्ट्रसङ्घले 'निराशाको चरम अवस्था' को संज्ञा दिएको राफाले अहिले इजरायलको आक्रमणका कारण विस्थापित बनेका गाजाका २४ लाख जनसंख्यामध्ये आधाभन्दा बढीलाई आश्रय दिएको छ। "तपाईंसँग १० लाख डलर होस् वा सय, तपाईं एउटै अवस्थामा हुनुहुन्छ," हमौदाले पैसा भएर पनि अति आवश्यकीय मानवीय सामग्रीको अभावबारे जानकारी दिनुभयो।

सप्ताहन्तमा इजरायलले हमासलाई उन्मूलन



आफ्नो जमीनी सेना अघि बढ्न सक्ने चेतावनी दिँदै सीमावर्ती शहरतर्फ थप दक्षिणतिर दबाब दिएको थियो।

स्रोतहरूले सोमबार बिहान एएफपीलाई बताएअनुसार उनीहरूले पूर्वी राफा र गाजाको मुख्य शहर खान युनिसका क्षेत्रमा गोलाबारीको आवाज सुनेका थिए।इजरायलले खान युनिसबाट नै अक्टोबर ७ को आक्रमणका लागि हमासले योजना बनाएको र हमासका उच्च अधिकारीहरू त्यहाँ लुकेर बसेको दावी गरेको छ।हमास शासित क्षेत्रमा रहेको स्वास्थ्य मन्त्रालयका अनुसार आइतबारदेखि सोमबारसम्म इजरायली आक्रमणमा परी महिला र बालबालिकासहित कम्तीमा १२८ जनाको मृत्यु भएको छ।हमासको सरकारी सञ्चार माध्यमका अनुसार गाजाको मध्य भाग र दक्षिणी तटीय क्षेत्रमा इजरायली हवाई आक्रमण जारी रहेको छ।

उहाँले जनवरीमा पेरिसमा भएको अमेरिका, इजरायल, इजिप्ट र कतारी उच्च अधिकारीहरूको बैठकमा प्रस्तावित युद्धविरामबारे छलफल गर्ने अपेक्षा गरिएको छ।

हमासप्रति ऐक्यवद्धता जनाउन इरान समर्थित समूहहरूले आक्रमण गर्ने क्रम बढेपछि संयुक्त राज्य अमेरिकाले जवाफी हमला गरिरहेको अवस्थामा कूटनीतिक दबाब थप अत्यावश्यक भएको छ।हमाससम्वद्ध स्रोतका अनुसार प्रस्तावित छ हप्ताको युद्धविरामले प्यालेस्टिनी कैदीहरूको बदलामा हमासले बन्धकहरूलाई मुक्त गर्ने उल्लेख छ।

हमासले अहिलेसम्म कुनै सम्झौता नभएको बताएको छ भने केही इजरायली अधिकारीहरूले कुनै पनि 'कथित सहुलियत'को विरोध गरेका छन्।

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको अभूतपूर्व आक्रमणका कारण करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले पुष्टि गरेको तथ्याङ्कले देखाएको छ।लडाकूहरूले लगभग २५० बन्धकहरूलाई कब्जामा लिएकोमा गाजामा १३२ जना अझै बाँकी रहेको र कम्तीमा २७ जना मारिएको अनुमान इजरायलले गरेको छ।

हमासलाई समाप्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै इजरायलले गाजामा ठूलो सैन्य आक्रमण गरेको र यसबाट कम्तीमा २७ हजार ३६५ जनाको मृत्यु भएको छ जसमा अधिकांश महिला र बालबालिका रहेका छन्।

गाजावासीले गम्भीर मानवीय अवस्थाको सामना गर्नुपरेको छ र प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएले एक्स (ट्वीटर)मा भनेको छ, "निरन्तर बमबारीबीच स्वच्छ पानी र सरसफाइमा निकै कम मात्र पहुँच रहेको छ।"गत अक्टोबर ७ मा हमासको आक्रमणमा १२ जना कर्मचारीको संलग्नता रहेको आरोप लागेपछि युएनआरडब्ल्यूए आफैं पनि ठूलो विवादमा परेको छ।संयुक्त राज्य अमेरिकाको नेतृत्वमा एक दर्जन भन्दा बढी देशहरूले मानवीय सहयोगका लागि काम गर्ने राष्ट्रसङ्घीय उक्त निकायलाई आफ्नो आर्थिक सहयोग रोकेका छन्।

इयूका विदेश नीति प्रमुख जोसेप बोरेलले युएनआरडब्लुएलाई दिइने आर्थिक सहायता स्थगन गर्ने राष्ट्रहरूले गाजाका ११ लाखभन्दा बढी मानिसलाई विनाशकारी भोकमरी र रोगको प्रकोपबाट पीडितलाई महत्वपूर्ण सहायता प्रदान गर्ने संसङ्गठनको अस्तित्वलाई खतरामा पारिरहेको चेतावनी दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घले युएनआरडब्लुएको सञ्चालनको अनुगमन गर्ने घोषणा गरेको छ।यस क्षेत्रमा प्रस्थान गर्नुअघि ब्लिन्केनले मानवीय सङ्कटबारे आफ्नो ध्यान केन्द्रित हुने बताउनुभउको थियो।

"गाजामा मानवीय आवश्यकतालाई तत्काल सम्बोधन गर्ने र मध्यपूर्वमा स्थिरतालाई अगाडि बढाउने हाम्रो प्राथमिकता हो," ब्लिन्केनले साउदी विदेशमन्त्री फैजल बिन फरहानसँग भन्नुभयो। खाडी राष्ट्रले युद्धअघि नै इजरायलसँग सम्बन्ध स्थापना गर्नेबारे विचार गरिरहेको थियो।गत जनवरीमा साउदी अरबका युवराज मोहम्मद बिन सलमानसँग भएको वार्तापछि ब्लिन्केनले आफूले अझै पनि सामान्यीकरणमा 'स्पष्ट समस्या' देखेको बताउनुभएको छ।

# राष्ट्रपति रनिङ शिल्ड बूढीनन्दालाई

टुडे समाचारदाता

बाजुरा। १४औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि बूढीनन्दा नगरपालिकाले हात पारेको छ। बूढीनन्दाले बडीमालिका नगरपालिकालाई हराउँदै १३ वर्षपछि उक्त उपाधि चुमेको हो। कोल्टीस्थित जनप्रकाश माध्यमिक विद्यालयमा सम्पन्न प्रतियोगितामा बूढीनन्दाले १८ स्वर्ण, २१ रजत र दुई कास्यसहित ४१ पदक हात पारेको छ। यसैगरी बडीमालिकाले १८ स्वर्ण, १४ रजत र ६ कास्यसहित ३८ पदक प्राप्त गरेर दोस्रो र खप्तड छेडेदहले आठ स्वर्ण, १४ रजत, चार कास्यसहित २६ पदक सहित तेस्रो स्थान प्राप्त गरेको छ।



यसैगरी बूढीगङ्गा नगरपालिकाले सात स्वर्ण, एक रजत र तीन कास्यसहित ११ पदक, स्वामिकार्त्तिक खापर गाउँपालिकाले छ स्वर्ण, दुई रजत र चार कास्यसहित १२ पदक, त्रिवेणीले दुई स्वर्ण, आठ रजत र छ कास्यसहित १६ पदक प्राप्त गरेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राकेश थापाले जानकारी दिए। यस्तै प्रतियोगितामा गौमुलले चार स्वर्ण, तीन रजत गरी सात पदक, जगन्नाथले दुई स्वर्ण, दुई रजत र चार कास्य गरी आठ पदक र हिमाली गाउँपालिकाले एक कास्य मात्रै हात पारेको छ।

सहभागी नौ पालिकामध्ये हिमालीले स्वर्ण र रजत दुवै पदकविहीन बनेको छ। यही माघ १५ देखि उक्त प्रतियोगितामा सुरु भएको थियो। नौ पालिकाका चार विधाका ६५ खेलमा एक हजार २९ जना खेलाडी सहभागी थिए। उक्त प्रतियोगिताको शुभारम्भ सांसद बद्रीप्रसाद पाण्डेले गरेका थिए।

जितको शिल्ड बूढीनन्दा नगरप्रमुख जनककुमार बोहराले ग्रहण गरेका छन्। जिल्ला खेलकुद समितिले शिल्ड हस्तान्तरण गरेको थियो।

दोस्रो हुने बडीमालिका र तृतीयसहित अनुशासन विधाको पुरस्कार खप्तड छेडेदह गाउँपालिकालाई समेत प्रदान गरिएको छ।

१५ औँ राष्ट्रपति रनिङ शिल्ड बूढीगङ्गा नगरपालिकाले आयोजना गर्ने जिम्मा लिएको छ। नगर उपप्रमुख माया कुँवरलाई बूढीनन्दानगरपालिकाले ओलम्पिक हस्तान्तरण गरेर आयोजनाको जिम्मेवारी दिएको हो। यसअघि खप्तड छेडेदहले पनि बूढीनन्दालाई झण्डा हस्तान्तरण गरेको थियो।

# पर्यटन प्रवर्द्धन गर्न रोटरीको 'मिनी म्याराथन'

टुडे समाचारदाता

चितवन। रोटरी क्लब अफ रत्ननगरले यहाँको समग्र पर्यटन प्रवर्द्धन गर्न 'मिनी म्याराथन' आयोजना गर्ने भएको छ। महिला र पुरुष दुई समूहमा म्याराथन गर्न लागिएको हो।

आयोजक संस्थाले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी कार्यक्रमका बारेमा जानकारी दिएको छ। आगामी फागुन १९ गते नारायणी नदी किनारबाट रत्ननगरको हरिहर मन्दिरसम्म म्याराथन दौड आयोजना गर्न लागिएको हो। कार्यक्रम संयोजक विपीन पोखरेलले प्रतियोगितामा दुई किसिमबाट खेलाडी (धावक)ले प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्ने बताए। उनका अनुसार १४ दशमलव पाँच किमीको खुला प्रतियोगिता र पाँच किमी दूरीको महिला लक्षित प्रतियोगिता हुनेछन्।



१४ दशमलव पाँच किमीको खुला प्रतियोगिता नारायणी नदी किनारबाट सुरु भई हरिहर मन्दिर रत्ननगरमा समापन हुनेछ भने पाँच किमी दूरीको महिला लक्षित प्रतियोगिता भरतपुर महानगरपालिकाको जङ्गल सीमाबाट प्रारम्भ भई सोही ठाउँमा समापन हुनेछ।

सो प्रतियोगितामा राष्ट्रिय धावक (खेलाडी) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका राष्ट्रसेवकसमेतको सहभागिता रहने उनले जानकारी दिए। साथै सिमान्तकृत चेपाङ समुदायका धावकलाई विशेष प्रोत्साहन गरिने उनको भनाइ छ। प्रतियोगितामा चार सय हाराहारी सहभागी हुने अपेक्षा गरिएको छ। क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठका अनुसार राष्ट्रिय प्रतिभाको पहिचान एवं प्रवर्द्धन गर्ने उद्देश्यबाट यो मिनी म्याराथन आयोजना गर्न लागिएको हो।

रोटरी डिस्ट्रिक तीन हजार दुई सय ९२ जोन ३७ का एसिस्टेन्ट गभर्नर सुरेन्द्र रेग्मीका अनुसार १५ दशमलव पाँच किमीतर्फको प्रतियोगितामा प्रथम हुनेलाई रु एक लाख नगद र प्रमाणपत्र प्रदान गरिनेछ। यसैगरी दोस्रो हुनेलाई रु ५० हजार, तेस्रो हुनेलाई रु २५ हजार, चौथो हुनेलाई रु १० हजार, पाँचौं हुनेलाई रु पाँच हजार र छैटौंदेखि १०औं सम्मलाई रु तीन हजारसहित प्रमाणपत्र वितरण गरिनेछ।

दूरी पूरा गर्ने सबै चेपाङलाई रु दुई हजार पुरस्कारको व्यवस्था रहेको छ। यसैगरी पाँच किमी महिला लक्षित प्रतियोगितातर्फ प्रथम हुनेलाई रु २० हजार, दोस्रो हुनेलाई रु १० हजार, तेस्रो हुनेलाई रु पाँच हजार, चौथो हुनेलाई रु तीन हजार, पाँचौं हुनेलाई रु दुई हजार पाँच सय, छैटौंदेखि १०औंलाई रु एक हजारसहित प्रमाणपत्र प्रदान गरिनेछ।

# सामसुङका प्रमुखलाई शेयरसँग सम्बन्धित मुद्दामा सफाइ

एएफपी

सियोल। दक्षिण कोरियाको एक अदालतले सामसुङ इलेक्ट्रोनिक्सका प्रमुख ली जे-योङलाई निर्माण तथा इन्जिनियरिङ कम्पनी सामसुङ सी एण्ड टी र चेइल इन्डस्ट्रिजबीच सन् २०१५ को विवादास्पद कम्पनी एकीकरण हुँदा गरिएको शेयरसँग सम्बन्धित विभिन्न अपराधबाट सोमबार सफाइ दिएको छ।

योनहाप समाचार एजेन्सीका अनुसार अदालतले आलोचकहरूले खराब नियतले सामसुङको तेस्रो पुस्तामा लीलाई स्थापित गर्ने उद्देश्यबाट गरिएको भनी दावी गरेको एकीकरण (मर्जर) को माध्यमबाट 'शेयरधारक'हरूलाई हानि पुऱ्याउने मनसायलाई मान्यता नदिएको ठहर गरेको छ।

योनहाप समाचार एजेन्सीका अनुसार अदालतको फैसलामा 'लीको नियन्त्रणलाई बलियो बनाउनु र उनको उत्तराधिकार सुनिश्चित गर्नु मर्जरको एकमात्र उद्देश्य नभएको' ठहर गरिएको छ।

सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टको फैसलाले सन् २०१५ मा निर्माण तथा इन्जिनियरिङ कम्पनी सामसङ सी एण्ड टी र चेइल इन्डस्ट्रिजबीच भएको मर्जरमा शेयर मूल्यमा धाँधली, विश्वासघात र लेखासम्बन्धी भ्रष्टाचारलगायत विभिन्न आरोपबाट लीलाई सफाइ दिएको हो।"आजको फैसलाले एकीकरणका क्रममा कम्पनीहरूको शेयर विभाजन वैध थियो भन्ने ठहर गरेको छ। हामी अदालतको विवेकपूर्ण निर्णयका लागि हार्दिक धन्यवाद दिन्छौं," लीका वकिलद्वारा जारी संक्षिप्त वक्तव्यमा भनिएको छ।





आलोचकहरूले सन् २०१५ को अधिग्रहणले जानीजानी निर्माण फर्मको शेयर मूल्यलाई कम मूल्याङ्कन गरेको यसको शेयरधारकहरूलाई अनुचित रूपमा प्रभावित पारेको दावी गरेका थिए। उच्चस्तरीय जालसाजी र अनियमितताको मुद्दामा जेल सजाय भुक्तान गरिसकेका ली सामसुङ इलेक्ट्रोनिक्सका वर्तमान कार्यकारी अध्यक्ष हुनुहुन्छ। योनहापको एक रिपोर्टका अनुसार यस सम्झौतामा सामसुङको सी एण्ड टीको तीन वटा शेयर बजारिकरण शेयरको लागि प्रस्ताव गरिएको थियो।

अभियोजन पक्षले नोभेम्बरमा आफ्नो अन्तिम बहसमा कम्पनीहरूको शेयर विभाजन प्रक्रियामा समूह प्रमुखको सहज उत्तराधिकारको लागि 'केही अवैध कार्यहरू अवलम्वन गरिएको उल्लेख गरिएको थियो। "कम्पनीका मालिक समूहहरूलाई व्यक्तिगत स्वार्थ पूरा गर्न अनुमति दिने संरचना कोरियाको बढ्दो छुटको सबैभन्दा ठूलो कारण हो", अभियोजन पक्षले दक्षिण कोरियाली व्यवसायहरूको कथित विश्वव्यापी अवमूल्यनलाई सङ्केत गर्दै भनेको छ, "देशको नम्बर एक कम्पनी सामसङले यो काम गरेकोमा हामी निकै दुःखी छौं।"

लीले अदालतमा आफू 'मर्जरमा व्यक्तिगत स्वार्थ' बाट प्रेरित नभएको बताउनुभएको थियो। "मैले अन्य शेयरधारकहरूलाई क्षति पुऱ्याउने खर्चमा मेरो हिस्सेदारी बढाउने कल्पना गरेको थिइनँ," योनहापले उहाँको दावीलाई उद्धृत गर्दै लेखेको छ। एक पर्यवेक्षकले एएफपीसँग कुरा गर्दै लीलाई 'फ्रि पास' दिइएको भन्दै अदालतले उहाँलाई सफाइ दिएकोमा आफूहरू स्तब्ध भएको बताउनुभएको छ।

नागरिक समूह 'सिटिजन्स कोलिशन फर इकोनोमिक जस्टिस'का निर्देशक ओह से-ह्युङले भन्नुभयो, "अदालतले लीविरुद्ध केही प्रमाणहरू उचित प्रक्रिया बिना नै सङ्कलन गरिएको आधारमा आफ्नो निर्णयलाई आधार बनाएको देखिन्छ।ओहले भन्नुभयो, "तर यसले मात्र लीलाई स्वतन्त्र सफाई दिनु हुँदैनथ्यो। अभियोजन पक्षले उहाँलाई जवाफदेही बनाउन सक्दो प्रयास गरेको छ कि छैन भन्नेमा मलाई शङ्का लागेको छ। मुद्दाबारे पहिलो पटक सुनुवाई शु भएको करिब तीन वर्षपछि यो फैसला आएको हो।

# पाकिस्तानको प्रहरी चौकी आक्रमणमा कम्तीमा १० सुरक्षाकर्मीको मृत्यु



एएफपी

पेशावर। उत्तरी पाकिस्तानको एक प्रहरी चौकीमा सोमबार बिहान दर्जनौं लडाकूले आक्रमण गर्दा कम्तीमा १० जना सुरक्षा अधिकारीको मृत्यु भएको वरिष्ठ प्रहरी कमान्डरले बताएका छन्।पाकिस्तानमा आम चुनावमा मतदान हुनुभन्दा केही दिनअघि नै उम्मेदवार र पार्टीका समर्थकमाथि दर्जनौं आक्रमण भइसकेका छन्।

"चौकीमा ३० भन्दा बढी आक्रमणकारीले तीन दिशाबाट हमला गरेका थिए। खैबर पख्तुनख्वा प्रान्तका प्रहरी प्रमुख अख्तर हयात गण्डापुरले एएफपीसँग भन्नुभयो, "साढे दुई घण्टाभन्दा बढी सशस्त्र झडप भएको उक्त घटनामा कम्तीमा १० सुरक्षाकर्मी मारिएका छन्।"उहाँले डेरा इस्माइल खान जिल्लाको चौधवान प्रहरी चौकीमा भएको आक्रमणमा अन्य चार सुरक्षाकर्मी घाइते भएको जानकारी दिनुभयो। खैबर पख्तुनख्वाको सीमावर्ती क्षेत्रमा वर्षौंदेखि पाकिस्तानी तालिवान, इस्लामिक स्टेट र अन्य समूहले सरकार र सुरक्षा लक्ष्यमा आक्रमण गर्नुका साथै सर्वसाधारणलाई लक्षित गर्नेगरेका छन्।

गण्डापुरको स्थानीय प्रशासनले एएफपीलाई बताएअनुसार आक्रमणकारीहरूले सोमबार बिहान आक्रमणको क्रममा केही समयका लागि प्रहरी चौकीलाई नियन्त्रणमा लिएका थिए।गत हप्ता पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा रहेको एक सरकारी भवन परिसरमा बलोच पृथकतावादी समूहले लुकीछिपी आक्रमण गरेपछि भएको घटनामा २४ जना लडाकू मारिएको सेनाले जनाएको थियो।आक्रमण र त्यसपछिको खोजी कारबाहीमा चार सुरक्षाकर्मी र दुई सर्वसाधारणको मृत्यु भएको थियो।

प्रतिबन्धित बलोच पृथकतावादी समूह बलुचिस्तान लिबरेशन आर्मी (बीएलए) ले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै उक्त आक्रमणको जिम्मेवारी लिएको छ।पाकिस्तानको निर्वाचन आयोगले गत हप्ता खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा पूर्वनिर्धारित कार्यक्रमअनुसार नै मतदान हुने बताएको थियो। हिंसा भड्किएपछि सुरक्षा अधिकारीहरूसँग आकस्मिक बैठक गरी निर्वाचन कार्यक्रम यथावत रहने बताएको थियो। मतदाताको सुरक्षाका लागि देशभर हजारौं सुरक्षाकर्मी परिचालन गरिने सरकारले जनाएको छ।

# बङ्गलादेशको निर्यात ११.४५ प्रतिशतले बढ्यो



सिन्ह्वा

ढाका। बङ्गलादेशले जनवरीमा ५.७२ अर्ब अमेरिकी डलर मूल्यका सामानहरू ढुवानी गरेको छ। यो वार्षिक तथ्याङ्कको आधारमा ११.४५ प्रतिशतले वढि हो।

सन् २०२३/०२४ को आर्थिक वर्षको पहिलो सात महिनामा सन् २०२३ जुलाईदेखि सन् २०२४ जुनसम्म बङ्गलादेशको कूल निर्यात वार्षिक आधारमा २.५२ प्रतिशतले बढेर ३३.२६ अर्ब डलर पुगेको निर्यात प्रवर्द्धन विभाग (इपिबी) ले जनाएको छ।निर्यात वृद्धिको श्रेय केही हदसम्म तयारी कपडा क्षेत्रले देखाएको राम्रो प्रदर्शनलाई दिइएको छ।

बङ्गलादेशले सन् २०२३ जुलाई-जनवरी सम्मको अवधिमा तयारी कपडाको निर्यातबाट २८.३६ अर्ब डलर कमाएको छ। यो अघिल्लो वर्ष २७.४२ अर्ब डलर मात्र थियो।बङ्गलादेशले आर्थिक वर्ष २०२३/०२४ मा आफ्नो निर्यात लक्ष्य ६२ अर्ब डलर राखेको छ।यसमा तयारी पोशाक उत्पादनबाट मात्र ५२ अर्ब डलरभन्दा बढी आम्दानी गर्ने लक्ष्य रहेको छ।

# माल्दिभ्सले सन् २०२४ मा २० लाख पर्यटक भित्र्याउने

**सिन्ह्वा**

कोलम्बो। माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइझ्जुले माल्दिभ्सको पर्यटन उद्योगको स्थापनापछि माल्दिभ्सको इतिहासमा पहिलो पटक सन् २०२४ मा २० लाख पर्यटक भित्र्याउन सक्ने बताउनुभएको छ।

मुइझ्जुले सोमबार बिहान जारी १९ औं संसदको अन्तिम अधिवेशनको उद्घाटन बैठकमा राष्ट्रपतिका रूपमा आफ्नो पहिलो सम्बोधनमा उक्त कुरा बताउनुभएको हो।

राष्ट्रपति मुइझ्जुले वेलाना अन्तरष्ट्रिय विमानस्थल (भीआईए) को विस्तारले बर्षको मध्यसम्ममा औसतमा १०.३ प्रतिशतले पर्यटक आगमनमा वृद्धि हुने बताउनुभयो। मालदिभ्स सरकारले यस वर्ष २०



वटा नयाँ रिसोर्ट खोल्न चाहेको र ती रिसोर्टले दुई हजार ८२७ बेड निर्माण गर्ने बताउनुभयो।

विभिन्न कारणले रोकिएका टापु, जग्गा प्लटिङ र तालको विकासका लागि अवरोधको पहिचान गरी सम्भावित समाधानको खोजी भइरहेको राष्ट्रपति मुइझ्जुले बताउनुभयो।

माल्दिभ्सको आधिकारिक तथ्याङ्कअनुसार सन् २०२३ मा माल्दिभ्समा १८ लाख भन्दा बढी विदेशी पर्यटक आएका छन्।माल्दिभ्सको पर्यटन मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार माल्दिभ्समा यस वर्षको जनवरीमा एक लाख ९२ हजारभन्दा बढी पर्यटक भित्रिएका छन्,

जुन गत वर्षको सोही अवधिको तुलनामा ११.५ प्रतिशतले बढी हो।

गर्ने अभियानअन्तर्गत राफामा ब्लिन्केन यस क्षेत्रमा आइपुगेसँगै इजरायली अधिकारीबाअट

# ठेक्का सम्झौता तोड्ने चेतावनी

टुडे समाचारदाता

पर्वत । उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत मालढुङ्गा-बेनी सडक निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीसँग ठेक्का सम्झौता तोडिने भएको छ।



सम्झौता अवधि सकिएर पटकपटक म्याद थप गर्दा कामको प्रगति नदेखिएपछि सम्झौता रद्द गर्ने तयारी भएको हो। सडक निर्माणमा भएको ढिलासुस्ती र निर्माण सामग्रीको अभावको विषयमा दुई हप्ताअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले स्थलगतरूपमा अनुगमन गरेका थिए । अनुगमनका क्रममा मन्त्री ज्वालाले एक हप्ताभित्र समस्या समाधान गरेर सडक निर्माणलाई गति दिने आश्वासन दिएको भए पनि सडक निर्माणले गति लिन भने सकेको छैन। मन्त्री ज्वालाको निर्देशनपछि कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालय जोमसोमले ठेकेदार कम्पनीका प्रतिनिधिसँग छलफल गरेको छ । छलफलका क्रममा एक साताभित्र मजदुर र उपकरण थप गरेर निर्माण कार्यलाई तीव्रता दिने सहमति भएको आयोजनाका इञ्जिनियर अच्युत विलास पन्तले जानकारी दिए।

उनकाअनुसार अबको एक महिनाभित्र योजनाको प्रगति नदेखिए ठेक्का तोड्ने गरी छलफल भएको हो। आयोजना कार्यालयले तत्काल कामको प्रगति देखिने गरी निर्माणको काम सुरु नभए ठेक्का रद्द गर्ने र पुनःनयाँ ठेक्का प्रक्रियामा जाने चेतावनी दिएको इञ्जिनियर पन्तले जानकारी दिए । "निर्माण सामग्रीको अभाव देखाएर ठेकेदारले योजना अलपत्र पार्दै आएका छन्", इञ्जिनियर पन्तले भने, "अन्तिम पटक अब एक महिनासम्म योजनाको प्रगति नदेखिए ठेक्का तोड्नेछौं र नयाँ प्रक्रिया सुरु गर्नेछौं ।" सडकको किनारबाट बग्ने कालगण्डकी नदीमा नदीजन्य पदार्थ उत्खनन गर्न अदालतले रोक लगाएका कारण सडक निर्माणमा प्रयोग हुने सामग्रीको अभाव देखाउँदै ठेकेदारले धिमा गतिमा काम गरिरहेको छ।

सम्झौतामा ३० महिनाभित्र सडक निर्माण सम्पन्न गर्नुपर्ने उल्लेख भए पनि तीन वर्षमा जम्मा ४५ प्रतिशत मात्र प्रगति भएको छ । दोस्रो पटक थपिएको म्याद गत आर्थिक वर्षको असारमा सकिएको थियो भने पुनःतेस्रो पटक छ महिना थप गरेको समय पुस मसान्तमा सकिएको छ । ठेकेदार कम्पनी एपेक्स-खड्का-कृष्ण जेभीको सहायक कम्पनी ओमकारेश्वर कन्ट्रक्सनका प्रतिनिधि अमृत भट्टराईले ठेक्का सम्झौतामा कालीगण्डकी नदीबाटै निर्माण सामग्री उत्खनन गर्ने उल्लेख भए पनि अदालतको आदेशका कारण सामग्री प्रयोग गर्न नपाएको भन्दै अब छिमेकी जिल्ला वा अन्य वैकल्पिक उपाय अपनाएर भए पनि सामग्री उपलब्ध गराएर निर्माणको कामलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत १३ किमी दूरीको मालढुङ्गा-बेनी सडक स्तरोन्नतिका लागि विसं २०७७ चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो । एपेक्स-खड्का-कृष्ण जेभीको पेटी ठेकेदार कम्पनी ओमकारेश्वर कन्ट्रक्सनले सडक निर्माणको जिम्मा लिएको छ । कालोपत्रसहित करिब छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर फराकिलो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले कालोपत्र गरिने आयोजनाले जनाएको छ।

ठेकेदारको लापरबाही र ढिलासुस्तीका कारण अहिले मालढुङ्गा-बेनी सडकमा यात्रा गर्न सकस हुँदै आएको छ । हिउँदमा धुलो र वर्षामा हिलाम्मे सडकमा यात्रा गर्न नागरिक बाध्य भएका छन् । म्याग्दी र मुस्ताङ तथा पर्वतकै जलजला क्षेत्रमा सञ्चालन हुने दैनिक सयौंको संख्याका सवारीसाधनले उडाएको धुलो बस्तीसम्म पुग्दा स्थानीयको जीवनयापनमा समस्या भएको छ। सडकमा गुडेका सवारीसाधनले उडाएको धुलो बस्तीमा पुग्दा सर्वसाधारणको स्वास्थ्यमा असर पुगेको जलजला गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यले बताए । सो सडकखण्डअन्तर्गत पर्ने पर्वतको खनियाघाट, फर्से, लस्ती, मिलनचोक र लामाखेतका स्थानीयले सडक निर्माण अलपत्र पर्दा धुलो र हिलोको समस्या भोग्नुपरेको गुनासो गरेका छन्।

# तातोपानी मुहान संरक्षण र व्यवस्थापन



टुडे समाचारदाता

म्याग्दी । अन्नपूर्ण गाउँपालिका-६ रातोपानीमा रहेको प्राकृतिक तातोपानीको मुहान संरक्षण र व्यवस्थापन गरिएको छ।

अन्नपूर्ण गाउँपालिका, प्रदेश सरकार, स्थानीय र दाताको सहयोग जुटाएर तातोपानीको मुहान संरक्षण तथा व्यवस्थापन भएपछि सो मुहान उपचार, स्नान र मनोरञ्जनस्थलका रुपमा विकास भएको हो । कालीगण्डकी नदी किनारमा रहेको तातोपानीको मुहानलाई संरक्षणका साथै व्यवस्थित बनाएपछि पर्यटकीय र प्राकृतिक उपचारस्थलका रुपमा विकास हुन थालेको अन्नपूर्ण-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताए।

"तातोपानीको मुहानलाई कालीगण्डकीको कटानबाट जोगाउन किनारमा पक्की पर्खाल निर्माण, डुबुल्की मारेर स्नान गर्ने सुविधाका लागि व्यवस्थित पोखरी, टहरा, विश्रामस्थल बनाइएको छ", उनले भने, "रातोपानी संरक्षण र व्यवस्थापनका लागि गाउँपालिकाले पछिल्लो पाँच वर्षयता रु ५० लाखभन्दा बढी लगानी गरेको छ, समुदाय र दाताले पनि सहयोग गरेका छन् ।"बेनी-जोमसोम सडकको छेउमा प्रतिसेकेण्ड ११ लिटरका दरले ५६ डिग्रीको तातोपानी निस्कने मुहान छ । मुहानबाट निस्किएको पानीलाई पोखरीमा सङ्कलन गरी एक पटकमा ४० देखि ५० जनाले स्नान गर्नसक्ने क्षमताको १०/१० मिटर लम्बाइ र चौडाइ भएको पोखरी बनाइएको छ। पक्की पर्खाल बनाएर संरक्षण गरिएपछि तातोपानीको मुहान र पोखरी कालीगण्डकीको कटानबाट सुरक्षित भएको छ। टहरा र विश्रामस्थल भएपछि स्नान गर्नका लागि घामपानीले असर गर्दैन । पहिले नदी किनारको खुला ठाउँको पोखरीमा स्नान गर्दा व्यवस्थित थिएन।

उपचारका लागि आउने सर्वसाधारण र स्नान गर्ने पर्यटकलाई सहज भएको कुण्ड सञ्चालनका लागि गाउँपालिकाबाट अनुमति पाएका खिलराज बरुवालले बताए। "यो तातोपानी कुण्ड गरिबका लागि अस्पताल बनेको छ", उनले भने, "व्यवस्थित भएसँगै उपचार र जाडो याममा तातोपानीमा स्नान गरेर मनोरञ्जन लिने दुवैथरी मानिसको आगमन बढेको छ ।"बरुवालले गाउँपालिकालाई रु एक लाख राजस्व तिरेर चालु आर्थिक वर्षका लागि कुण्ड सञ्चालनको अनुमति लिएका छन्। उनका अनुसार दैनिक एक सय जना जति स्नानका लागि आउने गर्छन्। पाहुना र पर्यटक आगमनसँगै रातोपानी, पोखरेबगर र ठूलोबगरको व्यवसाय प्रर्वद्धन भएको छ।

चोटपटक लागेको, बज्रिएको, ग्यास्ट्रिक र चिसोका कारण उत्पन्न स्वास्थ्य समस्याबाट पीडित बिरामी तातोपानीमा डुबुल्की मारेर स्नान गर्न आउँछन्। युरिक एसिडबाट थलिएका अन्नपूर्ण-७ औलका रिमबहादुर पुर्जाले तातोपानीमा स्नान गरेपछि निको भएको अनुभव सुनाए । ."पाँच वर्षअघि मलाई यहाँ स्नानका लागि परिवारका सदस्यले बोकेर ल्याएका थिए", उनले भने, "२१ दिन स्नान गरेपछि युरिक एसिड निको भयो, आफैं हिँडेर घर गए, त्यसपछि हरेक वर्ष हिउँदयाममा स्नानका लागि रातोपानीको तातोपानीमा आउने गरेको छु।" पोखरा, काठमाडौं, चितवन, मुस्ताङ र म्याग्दीका विभिन्न ठाउँबाट स्नान गर्ने व्यक्ति आउने गरेको बताइएको छ।

सर्वसाधारणले कुण्डमा पूर्वाधार निर्माणमा पनि सघाएका छन् । अन्नपूर्ण-६ घोडेपानीका ममता गर्बुजाले करिब रु एक लाख ५० हजार खर्च गरेर सडकदेखि पोखरीसम्म पुग्ने रेलिङसहितको पदमार्ग बनाइदिएको वडाध्यक्ष खड्काले बताए । चिसो याममा तातोपानीमा शरीर डुबाएर स्नान गर्दाको छुट्टै आनन्द हुने बताइन्छ। बेनी-जोमसोम सडक भएर मुस्ताङ जाने आउने पर्यटक पनि कुण्डमा स्नान गर्न आउन थालेका छन् । सात दिन स्नान गर्दा रु तीन सय ५० र एकपटक स्नान गर्न रु ३० शुल्क तोकिएको छ।

तातोपानीको पोखरी नजिकै कपडा फेर्ने ठाउँ, अर्को मुहानमा धारा र सार्वजनिक शौचालय बनाउने तयारी गरिएको गाउँपालिकाका अध्यक्ष भरतकुमार पुनले बताए । उनका अनुसार सार्वजनिक शौचालय निर्माणका लागि चालु आर्थिक वर्षमा रु आठ लाख विनियोजन गरिएको छ । गत वर्ष प्रदेश सरकारको रु पाँच लाख अनुदानमा पोखरी परिसरमा विश्रामका लागि पनि प्रयोग गर्न सकिने गरी सिँढी निर्माण गरिएको थियो । बेनी-जोमसोम सडकको नजिकै भएको कुण्डको प्रचारप्रसार गरेर स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउन पहल गरिएको अध्यक्ष पुनले बताए।

# चैते धानखेती गर्ने किसानलाई अनुदान

टुडे समाचारदाता

कञ्चनपुर । चैते धानखेती गर्ने किसानलाई कृष्णपुर नगरपालिकाले ८० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउने काम अगाडि बढाएको छ। नगरपालिकाको कृषि विकास शाखाको आव २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार किसानलाई अनुदानमा चैते धानको बीउ उपलब्ध गराउन थालिएको हो।



किसानको मागका आधारमा बीउ वितरण गरिने नगरपालिकाको कृषि विकास शाखाका प्रमुख लालबहादुर धामीले बताए।

"धान उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउनका लागि दुई वर्षदेखि निरन्तररुपमा चैते धानको बीउ अनुदानमा वितरण गराउन थालेका छौं", उनले भने, "चैते धानखेती गर्ने किसानको संख्या बर्सेनि बढ्दो रुपमा रहेको छ ।"किसानलाई अनुदानमा सिँचाइ सुविधाका लागि पम्पसेट, विद्युतीय मोटर उपलब्ध गराउने कार्यसँगै पुराना कुलो मर्मत गरी सञ्चालन गरिन थालेपछि चैते धानखेती गर्ने किसान बढ्दै गएको उहाँको भनाइ छ।

पर्याप्त सिँचाइका साधन उपलब्ध हुन थालेपछि किसानले हर्दिनाथ जातको चैते धानखेतीपश्चात् बर्खे धानखेती गरेर दोहोरो फाइदा लिन थालेको उनले बताए।

उनका अनुसार नगरपालिकामा खेतीमा संलग्न किसानमध्ये ८० प्रतिशतले धानखेती गर्दै आएका छन् । त्यसमध्ये चैते धानखेती मात्रै गर्ने किसानको संख्या पाँच प्रतिशत रहेको छ। थोरै जग्गामा चैते धानखेती गर्ने किसान ८० बढी भएको जनाउँदै कृषि विकास शाखाका प्रमुख धामीले एक बिघाभन्दा बढी क्षेत्रफलमा चैते धानखेती गर्ने किसान ३० बढी रहेको बताए । गत वर्ष मात्रै नगरपालिकाले अनुदानमा बीउ उपलब्ध गराएर ४० बिघा जग्गामा २५ किसानले चैते धानखेती गरेको उनले बताए । बर्खे धानभन्दा चैते धानले बढी उत्पादन दिने भएकाले किसानले यसको खेतीलाई प्राथमिकतामा राख्न थालेकाले यस वर्ष पनि अनुदानको कार्यक्रम राखिएको उहाँले जानकारी दिए।

"चैते धानमा बर्खे धानको तुलनामा रोग कीरा कम लाग्ने, मसिनो दाना हुने र धेरै फल्ने भएकाले किसानले यस धानको खेतीलाई रुचाएका छन", धामीले भने । फागुनमा बीउ राखेर किसानले चैतभित्र यस धानलाई रोप्ने गरेका छन् । रोपेको चार महिनामा धान पाक्ने गर्दछ। असारमा चैते धान काटेर किसानले बर्खे धानखेती गर्दै आएका छन्।

चैते धानको बीउ अनुदानमा लगेका किसानले अनिवार्यरुपमा धान रोपेकै हुनुपर्ने नियम नगरपालिकाले बनाएको छ । कृषि ज्ञान केन्द्रका अनुसार कूल धानखेती हुने ४८ हजार चार सय ९६ हेक्टरमध्ये तीन सय हेक्टर जग्गामा चैते धानखेती हुने गरेको छ।

# उडानमा छुट

टुडे समाचारदाता

काठमाण्डु । नेपाल वायुसेवा निगमले क्यान्सरपीडित बिरामीलाई काठमाडौं-दिल्ली-काठमाडौं मार्गमा निःशुल्क हवाई सेवा प्रदान गर्दै आएको जनाएको छ । सामाजिक उत्तरदायित्वअन्तर्गत निगमले उक्त मार्गमा हवाई भाडादरमा क्यान्सरकाबिरामीलाईशतप्रतिशतर कुरुवालाई ५० प्रतिशतसम्म छुट प्रदान गर्दै आइरहेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए।

"विश्व अर्बुदरोग दिवस (विश्व क्यान्सर दिवस) का सन्दर्भमा यो रोग लाग्नबाट बचौं र बचाऔं भनी ऐक्यबद्धता जनाउँदै निगमको सामाजिक उत्तरदायित्वअन्तर्गत सम्बद्ध परिवारलाई थोरै भए पनि राहत पुगोस् भनी नेपाल वायुसेवा निगमले डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर राहत समाजको सिफारिसका आधारमा छुट दिने, निगमद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ।

# ठगिँदै नेपाली श्रमिक

टुडे समाचारदाता

काठमाण्डु। केही महिनाअघि साउदी अरबको एक कम्पनीले त्यहाँ कार्यरत २२ नेपाली श्रमिकलाई कामबाट निकाल्यो । उक्त खबर बाहिरिएसँगै सरकारले साउदीको रियादस्थित नेपाली दूतावासलाई सो सम्बन्धमा बुझ्न निर्देशन दियो।

दूतावासबाट श्रम काउन्सेलरसहित उच्च अधिकारी कम्पनीमा पुगेर श्रमिक निष्कासनका सम्बन्धमा सोधखोज गरे । कम्पनीले जवाफ दियो, "नेपाली श्रमिकले भाषा नबुझ्दा तोकिएको काम गर्न सकेनन् । श्रमिकलाई गोदाम व्यवस्थापनको जिम्मेवारी तोकिएको थियो । भाषा नजानेकै कारण कम्पनीको नियमानुसार गोदाम मिलाउन नसक्दा उनीहरु निष्कासनमा परे।"

नेपालीको प्रमुख श्रम गन्तव्यका रुपमा रहेको संयुक्त अरब इमिरेट्स (युएई)ले श्रमिक कल्याणसम्बन्धी सम्पूर्ण सेवालाई 'डिजिटल' बनाएको छ। श्रमिक अधिकार हनन् भएका विषयमा उजुरी गर्ने, सुनुवाई तथा तलब सेवा सुविधाबारे सम्पूर्ण जानकारी अनलाइनबाटै उपलब्ध गराउन थालेको छ।

तर भाषा नबुझ्दा नेपाली श्रमिकले उक्त सुविधाको प्रयोग गर्न नसकिरहेको विभिन्न अध्ययनले देखाएका छन् । गन्तव्य मुलुकमा बोलिने भाषा, कानुन, रहनसहन, चालचलनबारे पर्याप्त जानकारीको अभावमा थुप्रै नेपाली श्रमिक दैनिक विविध समस्यासँग जुधिरहनुपरेको सरकारी अधिकारीको बुझाइ छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजीव पोखरेल पछिल्लो समय भाषा र सीपको नजाँदा नेपाली श्रमिकले गन्तव्य मुलुकमा विविध समस्या भोगिरहेका स्वीकार्छन् ।

भाषा नजाँदा नेपाली श्रमिकले भोग्नु परेका समस्याको दीर्घकालीन समाधानका लागि सरकारले वैदेशिक रोजगारीमा जाने दक्ष र अर्ध दक्ष कामदारका लागि आधारभूतस्तरको अङ्ग्रेजी भाषा परीक्षण अनिवार्य गर्ने तयारी गरेको छ। त्यसका सो मन्त्रालयले (मन्त्रिस्तरीय निर्णयबाट) प्रक्रिया अघि बढाएको छ । पहिलो चरणमा दक्ष र अर्धदक्ष कामदारलाई आधारभूतस्तरको अङ्ग्रेजी भाषा परीक्षण तथा दोस्रो चरणमा अन्य श्रमिकलाई पनि अङ्ग्रेजी भाषा परीक्षण अनिवार्य गर्ने सरकारको योजना छ । सरकारले नीति तथा कार्यक्रममा पनि वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दक्ष बनाएर मात्रै पठाउने उल्लेख गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारीले अन्तर ाष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी सीपयुक्त श्रमिकमात्र पठाइनुपर्ने दोहोऱ्याउँदै आएका छन्।

वैदेशिक रोजगारीमा जाने दक्ष र अर्धदक्ष कामदारका लागि अन्तर्राष्ट्रियस्तरको आधारभुत अङ्ग्रेजी भाषा परीक्षा दिएको प्रमाणपत्र पेस गरेपछि मात्रै श्रम स्वीकृति दिने मन्त्रालयको तयारी छ । अर्ध दक्षका हकमा न्यूनतम प्रारम्भिक तह र दक्षका हकमा प्राथमिक तहसम्मको भाषा ज्ञानको प्रमाण-पत्र अनिवार्य गर्न लागिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ), अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)लगायत श्रम आप्रवासनसँग सम्बन्धित सङ्घसंस्थाले पनि श्रमिकलाई भाषा र सीप सिकाएर गन्तव्य मुलुकमा पठाउन विश्वव्यापी 'लबिङ' गरिरहेका छन् । नेपालले पनि कोलम्बो प्रोसेस, आबुधावी डायलगलगायत अन्तर्राष्ट्रिय मञ्चमा सीपयुक्त श्रमिक पठाउने प्रतिबद्धता व्यक्त गरिरहेको छ।

श्रमिकलाई निश्चित मापदण्डभित्र रही अङ्ग्रेजी भाषा सिकाएर पठाएपछि गन्तव्य मुलुकमा आइपर्ने विविध समस्यासँग सहजै जुध्न सक्ने सरकारको विश्वास छ । भाषासम्बन्धी ज्ञानको अभावमा नेपाली हजारौं श्रमिकले दुःख बेहोरिरहेका छन् । भाषा र सीपलाई पूँजी निर्माणको महत्वपूर्ण साधनका रुपमा लिनुपर्ने सहसचिव पोखरेल बताउनुहुन्छ। वैदेशिक रोजगारीमा जानु अगाडिको सानो लगानीले ठूला अवसरको ढोका खुल्ने उहाँको भनाइ छ। अङ्ग्रेजी भाषामा दखल भएसँगै श्रमिकको आत्मविश्वास बढ्ने र त्यसबाट अन्य मुलुकमा उपयुक्त अवसरका लागि प्रतिस्पर्धा गर्न प्रेरणा मिल्ने जानकारको भनाइ छ।

भाषासम्बन्धी ज्ञानको अभावमा कतिपय नेपाली श्रमिक गन्तव्य मुलुकमा आकर्षक सेवा सुविधाको कामबाट समेत वञ्चित हुनु परिराखेको अवस्था छ । भाषा नजान्दा कतिपय श्रमिकले सडक दुर्घटनामा परेर मृत्युवरण गर्नुपरेको उदाहरण प्रशस्तै छन्। "केही श्रमिक आफूले गल्ती नगरेको भए पनि आफ्नो कुरा राख्न नजान्दा जेलसमेत परेका विषय सरकारको जानकारीमा आएको छ", मन्त्रालयका प्रवक्ता पोखरेल भन्छन्, "अंग्रेजीमा कमजोर हुँदा कतिपय श्रमिकले उच्चकोटीको काम प्राप्त गर्न सकेका छैनन्, न्यूनतम सेवासुविधामा चित्त बुझाएर बस्नु परेको अवस्था छ ।"वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अङ्ग्रेजी भाषा परीक्षण समावेश गरिएको छैन। छोटो अवधिको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा आधार भूतस्तरको अङ्ग्रेजी भाषा सिकाइ पर्याप्त नहुने जानकारको भनाइ छ।

नेपालबाट विभिन्न मुलुकमा श्रम स्वीकृति लिएर जाने श्रमिकमध्ये अदक्ष श्रमिकको हिस्सा निकै ठूलो छ । गत आर्थिक वर्षमा छ लाख ९९ हजार एक सय ९३ पुरुष र ७२ हजार एक सय ३४ महिला गरी कुल सात लाख ७१ हजार तीन सय २७ नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए।

तीमध्ये दुई सय ५७ उच्च दक्ष, एक हजार एक सय ५२ व्यावसायिक, ६० हजार पाँच सय ५५ अर्धदक्ष, पाँच लाख छ हजार सात सय ४६ दक्ष र दुई लाख दुई हजार छ सय १६ अदक्ष श्रमिक थिए। विभागका अनुसार चालु आवको छ महिनामा तीन लाख ४३ हजार चार सय पाँच नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । तीमध्ये दक्ष र अर्धदक्ष कामदारको सङ्ख्या क्रमशः दुई लाख ४३ हजार छ सय २६ र २८ हजार नौ सय ४७ छ । सरकारले संस्थागत रुपमा एक सय ११ मुलुकमा वैदेशिक रोजगारीका लागि खुला गरेको छ।

"कामदारले प्रस्थान बिन्दुदेखि पहुँच बिन्दुसम्मको सुरक्षित यात्राका लागि अपनाउनुपर्ने तरिका तथा व्यवहार अङ्ग्रेजी भाषामा लेखिएका सूचना तथा निर्देशन (बोर्डिङ पास, अध्यागमन प्रक्रिया, सुरक्षा जाँच, यात्रामा साथ लैजान निषेध गरिएका सामान, हवाई यात्रामा जारी सूचना, प्राविधिक जानकारी, ट्रान्जिट व्यवस्थापन, समस्या पर्दा सुरक्षाकर्मीसँगको सूचना गर्न) जान्नका लागि पनि भाषा अत्यावश्यक छ", आधारभूत अन्तर्राष्ट्रियस्तरको अङ्ग्रेजी भाषा सीप/ज्ञानको आवश्यकता प्रष्ट्याउँदै सहसचिव पोखरेलले भने।

वैदेशिक रोजगारमा जाने नेपाली श्रमिक अङ्ग्रेजी भाषाको ज्ञानको अभावमा व्यवहारिक कठिनाइका साथै कतिपय अवस्थामा फौजदारी अभियोगमा जेल सजायसमेत भोग्नुपरेको मन्त्रालयले जनाएको छ।

भाषाको ज्ञान नहुँदा श्रमको सम्मान र कार्यस्थलमा सञ्चार सीप अभावमा आफ्नो गुनासो राख्न नसक्नु, कार्यस्थलमा अपनाउनुपर्ने सुरक्षा कवचको प्रभावकारी उपयोग गर्न नसक्ने अवस्था देखिएको छ । अङ्ग्रेजी भाषाको पर्याप्त ज्ञान भएसँगै आपत्कालीन अवस्थामा सुरक्षित रहन, कामदारले भोग्नु परेका समस्या समाधान गर्न, जोखिम र दुर्घटनान्यूनीकरणगर्न, अध्यागमन, बैङ्किङ काममासमेत मद्दत पुग्ने तथा कार्यसम्पादन र व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान मिल्ने मन्त्रालयको भनाइ छ।

# उद्योगको सम्झौता खारेज प्रक्रिया सुरु

टुडे समाचारदाता

बागमती । उद्योग सञ्चालनका लागि अनुमति लिएर सञ्चालन नगर्ने करिब दुई दर्जन उद्योगको सम्झौतापत्र खारेज प्रक्रिया सुरु गरिएको छ। हेटौंडा औद्योगिक क्षेत्रमा अनुमति लिएर सञ्चालन नगर्ने उद्योगको सम्झौता खारेज प्रक्रिया अघि बढाइएको हो।



औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको कार्यालय हेटौंडाले सो सम्झोता पत्र खारेजको काम अगाडि बढाएको हो । "सम्झौता गरेर जमिन ओगेट्ने काम मात्र भयो, उद्योग सञ्चालन भएन।

फलस्परुप कारबाहीको प्रक्रिया अगाडि बढाएका छौं", कार्यालयका प्रमुख भोजराज विडारीले भने। उनका अनुसार केही उद्योगका सम्झौता खारेज गर्दा जिल्ला अदालत मकवानपुरमा मुद्दासमेत दायर गरिएका छन् । हेटौंडा वडा नं ८ मा रहेको उक्त औद्योगिक क्षेत्रमा एक सय ४७ मध्ये एक सय १५ वटा उत्पादनमूलक उद्योग सञ्चालन छन् । बन्द भइसकेकामा नौ, निर्माणाधी २३ उद्योग रहेका कार्यालयबाट प्राप्त तथ्याङ्कमा जनाइएको छ। ती उद्योगमध्ये अधिकांशको आर्थिक अवस्था कमजोर रहेको बताइएको छ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अनुसार उक्त क्षेत्रमा यसअघि तीन सिफ्टमा सञ्चालन हुने उद्योग अहिले एक सिफ्टमा सञ्चालन हुने गरेका छन् । कतिपय उद्योग कहिले सञ्चालन हुने र कहिले बन्द हुने अवस्थामा रहेका प्रमुख विडारीले जानकारी दिए । उनका अनुसार पछिल्लो समय यहाँ सञ्चालित अधिकांश उद्योगको उत्पादन र बिक्री घट्दै गएको छ ।उद्योगको अवस्था तीन वर्षयतादेखि दिनप्रतिदिन खस्किँदै गएको, लगानी अनुसार प्रतिफल प्राप्त नहुँदा नोक्सानी बढ्दै गएको विडारीको भनाइ थियो। कोरोना महामारीका साथै अन्य विभिन्न कारणले भएको आर्थिक तथा व्यावसायिक मन्दिले उद्योग र व्यवसायको अवस्थामाथि उठ्न नसकेको उनले बताए।

यसैबीच, उद्योगको आर्थिक अवस्था कमजोर हुँदै गएकाले भाडा दिनमासमेत समस्या भइरहेको उद्योगीको गुनासो छ । यहाँ सञ्चालित उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, बिक्री नहुनु, बजार व्यवस्थापनमा समस्या, आर्थिक मन्दिलगायत कारणले कमजोर बन्दै गएका उद्योग वाणिज्य सङ्घ हेटौंडाका पदाधिकारीको भनाइ छ ।"अहिले बजारको अवस्था कमजोर बन्दै गएको छ । पसल र सटर खाली हुँदै गएका छन्। उद्योगबाट उत्पादित सामान बिक्री हुँदैनन्। उद्योगका लागि बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न समस्या भएको छ। थप लगानीका लागि बैंकले ऋण दिदैंनन्", हेटौंडाका फर्निचर उद्योगी रामपुकार ठाकुरले भने।

यस क्षेत्रमा निर्माणसम्बन्धी सामग्री उद्योग पाँच, प्लाष्टिक सामग्रीसम्बन्धी २८, विद्युतीय सामग्रीसम्बन्धी तीन, खाद्यन्न तथा पेय पदार्थका ११, फर्निचरका छ, इञ्जिनियरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकलतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योतर्फ एक, खानीजन्यतर्फ तीन र अन्यमा १० वटा उद्योग सञ्चालित छन् ।उक्त औद्योगिक क्षेत्रभित्र सरकारी र गैरसरकारी कार्यालय तथा विभिन्न सङ्घसंस्थातर्फ ११ कार्यालय रहेका छन् । यस औद्योगिक क्षेत्रको विसं २०२० मङ्सिर २० गते स्थापना भएको थियो । औद्योगिक क्षेत्रको तीन हजार दुई सय २८ रोपनी जग्गा रहेको छ।

# काम सकिएको डेढ वर्षसम्म भुक्तानी भएन

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-१० घडीअर्वा पोखरीस्थित कभर्डहल स्तरोन्नतिका लागि मधेश प्रदेश सरकारको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले ३६ लाख ९६ हजारको लागतमा उपभोक्ता समितिसँग २०७९ असार ६ मा सम्झौता गरेको थियो ।

कभर्ड हल स्तरोन्नतिका उपभोक्ता समितिले निर्धारित सम्झौता बमोजिम समयमै निर्माण सम्पन्न गरी भुक्तानीका लागि कागजात पेश गरेको डेढ वर्ष बितिसक्दा पनि भुक्तानी भएको छैन ।

प्रदेश सरकारकै सामाजिक विकास मन्त्रालयको सामाजिक विकास इकाई कार्यालय वीरगञ्जले बाराको प्रसौनी गाउँपालिका-५ मा रहेको अधुरो बर्थिङ सेन्टर निर्माणका लागि २०७८ माघ ९ मा उपभोक्ता समितिसँग २० लाख २६ हजार रुपैयाँमा निर्माण सम्झौता गरी कार्यदेश दिएको थियो । उपभोक्ता समितिले बर्थिङ सेन्टरको निर्माण सम्पन्न गरिसकेको छ । तर, त्यसबापतको भुक्तानी भने पाएका छैनन् ।

वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसको अधुरो दलित छात्रावास निर्माणका लागि प्रदेश सरकारले २०७८ चैत पहिलो साता नयन्दर साह अध्यक्ष रहेको उपभोक्ता समितिलाई कार्यदेश दिएको थियो । ४० लाख रुपैयाँमा छात्रावास निर्माण सम्पन्न भए पनि कार्यदेश बमोजिम भुक्तानी पाएको छैन् । कार्य प्रगतिको आधारमा भुक्तानी लिन बिल भर्पाइ र निर्णय सहित कार्यालयमा पेश गर्न हुन कार्यादेश दिइएको थियो ।

सामाजिक विकास मन्त्रालयको कार्यदेशको आधारमा राजबीर पटेल अध्यक्ष रहेको उपभोक्ता समितिले वीरगञ्ज-२४ मा रहेको सारदा माध्यमिक विद्यालयको दुई कोठे नयाँ भवनको फाउन्डेसन तयार गरी पर्खाल निर्माण गरेको २ वर्ष भन्दा बढी बितिसक्यो । २० लाख रुपैयाँ भुक्तानी भएको छैन । तर, महानगरपालिकाले सो फाउन्डेसनमाथि छत ढलान गरी भवन तयार पारिसकेको छ ।

प्रदेश सरकारका विभिन्न मन्त्रालयले कार्यदेश दिई कार्य सम्पन्न भएका ४ दर्जन भन्दा बढी योजनाको भुक्तानी भएको छैन । उपभोक्ता समितिहरुले ऋण लिई निर्माण सामग्रीको भुक्तानी गरेका थिए । समयमै प्रदेश सरकारले योजना सम्पन्न वापतको पैसा भुक्तानी नदिँदा उपभोक्ता समितिहरु बिचल्लीमा परेको गुनासो गरेका छन् ।

बर्थिङ सेन्टर उपभोक्ता समितिका अध्यक्ष शिवशंकर साहले भुक्तानीका लागि पटक-पटक पहल गर्दा पनि सरोकारवाला निकायले सुनवाई नगरेको बताए । 'पूर्व मुख्यमन्त्री मो.लालबाबु गद्दीदेखि लिएर हालका मुख्यमन्त्री सरोज यादवसम्म पुगेर ध्यानाकर्षण गराएका छौं,' साह भन्छन्, 'सबैले आश्वासन मात्र दिन्छन्, कार्यदेश बमोजिम काम गरे पनि भुक्तानी भने गरेका छैनन् ।' प्रदेशका मुख्यसचिव र सचिवलाई समेत पटक पटक भेटर समस्या अवगत गरेको उनले सुनाए ।

आर्थिक वर्ष २०७८/७९ मा मधेश सरकारबाट विभिन्न मन्त्रालय मार्फत विनियोजित बजेट माथि सम्झौता भई कार्यदेश लिई कार्य गरेको कामको भुक्तानी एक वर्षसम्म नपाएको हुँदा यसबाट ठूलो आर्थिक समस्या सृजना भई उपभोक्ता समितिमाथि भुक्तानीको ठूलो दबाब सृजना भएकाले अविलम्ब भुक्तानी गराइदिन मुख्यमन्त्री सरोज यादवलाई गत जेठ ३२ मा ज्ञापन पत्र बुझाएका थिए ।

कभर्ड हल स्तरोन्नति गरेको उपभोक्ता समितिका अध्यक्ष राजु साह कलवारका अनुसार अघिल्लो सरकारको पालामा भएका निर्माण कार्यको भुक्तानीका लागि अहिलेको प्रदेश सरकारले छानबिनका लागि प्रदेश सांसद रानी शर्माको संयोजकत्वमा समिति बनाएको थियो ।

वीरगञ्ज महानगरपालिकाका इन्जिनियर राजेशकुमार चौरसियाले २०७९ असार २२ मा कार्य सम्पन्नको जानकारी समेत लिखित रुपमै महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयलाई गराइसकेका छन् । कभर्डहल स्तरोन्नतिका लागि महानगरपालिकालाई प्राविधिक सहयोग माग गरिएको थियो ।

'समितिले प्राविधिक सहित स्थलगत अनुगमन गरि रिर्पोट बुझाएपछि चालू आर्थिक वर्षको रेड बुकमा प्रदेश सरकारले विगतमा भुक्तानी नभएका योजनाको नाम र रकम सहित हालेको छ, कलवार भन्छन्, 'तर, मन्त्रालयहरुको आन्तरिक द्वन्द्वले उपभोक्ता समितिहरुको भुक्तानी हुन सकेको छैन् ।'

गठबन्धन सरकारमा मन्त्रालयको भागबन्डा मिलाउँदा केही मन्त्रालय टुक्याइएको छ । 'नयाँ मन्त्रालय त बनाइयो, उनले भने, 'तर, जिल्लामा कार्यालय र कर्मचारी व्यवस्थापन हुन नसक्दा गुनासो सुनाउन समेत जनकपुरभना पुग्नुपर्ने बाध्यता रहेको छ ।' उपभोक्ता समितिको 'छुट भुक्तानी' छानबिन समितिकी संयोजक सांसद शर्माले प्रदेशभरि करिब ८० करोड रुपैयाँ भुक्तानीका लागि प्रतिवेदन पेश गरेको बताइन् । 'चालु आवको बजेटमा प्रदेश सरकारले प्रतिवेदनका आधारमा योजनाको नाम र बजेट समावेश गरेको छ,' उनले भनिन्, केही मन्त्रालयले भुक्तानी दिन सुरु समेत गरेका छन् ।'

कभर्ड हल उपभोक्ता समितिका अध्यक्ष राजु साह कलवारका अनुसार अधिकांश भुक्तानी शिक्षा तथा समाज कल्याण मन्त्रालय अन्तर्गत रहेका छन् । 'त्यस मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई सरुवा भएर कोशी प्रदेश गइसकेका छन्,' उनले भने, 'नयाँ सचिव अझै आएका छैनन् ।' प्रदेश सचिव दिनेशकुमार घिमिरेले यस सम्बन्धमा कुनै प्रतिक्रिया जनाउन चाहेनन् ।

# रेल्वे स्टेसनमा सशस्त्र सुरक्षा बेस



**टुडे समाचारदाता**

जलेश्वर । नेपाल रेल्वे कम्पनीको पिपराडी स्टेसनमा सशस्त्र प्रहरीले सुरक्षा बेस स्थापना गरेको छ । रेल्वेको जनकपुरधाम बिजलपुर खण्डस्थित पिपराढी स्टेसन परिसरमा सशस्त्रले रेल्वे सुरक्षा बेस स्थापना गरेको छ ।

सुरक्षा बेसको लोहरपट्टी नगरपालिकाका उपप्रमुख सरिता शर्मा, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल तथा सशस्त्र प्रहरी बल नेपाल नं ९ गण हेड क्वार्टर महोत्तरीका एसपी लेखनाथ खनालले सोमबार संयुक्त रुपमा उद्घाटन गरे ।

लामो प्रतीक्षापछि सञ्चालित रेल्वेको सुरक्षा र यात्रुको सुविधाका लागि सशस्त्र प्रहरीले पुऱ्याएको योगदानको चर्चा गर्दै उपप्रमुख शर्माले सशस्त्र बेस स्थापनाले रेल्वे सेवा र यात्रुको सुरक्षामा थप योगदान पुग्ने अपेक्षा व्यक्त गरिन् । उनले शान्ति सुरक्षाका हरेक मोर्चामा क्रियाशील सशस्त्र प्रहरीको सहयोगमा स्थानीयतह प्रतिबद्ध रहेको बताइन् ।

रेल्वे स्टेसन परिसरमा बेस क्याम्प स्थापनाले सशस्त्र प्रहरीलाई थप प्रभावी र विश्वसनीय सेवा प्रवाह गर्न सहज हुने प्रमुख जिल्ला अधिकारी गेलालले बताए ।

नेपाल सरकारको २०७७ साल पुस १५ गतेको निर्णयअनुसार रेल्वे सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरीले स्टेसन तथा हल्टहरुमा गत साउन १ गतेदेखि सुरक्षा परिचालन गर्दै आएको छ । सोही क्रममा पिपराढी स्टेसनमा सशस्त्र बेस स्थापना गरिएको सशस्त्र हेड क्वार्टर महोत्तरीका एसपी खनालले बनाए । उनका अनुसार पिपराढी रेल्वे बेसमा असइको कमाण्डमा सुरक्षा परिचालन गरिएको छ ।

गत असार ३१ देखि सञ्चालित जनकपुरधाम बिजलपुरा रेल्वे सेवाअन्तर्गतका स्टेसन तथा हल्टहरुमा सशस्त्र प्रहरीले सुरक्षा परिचालन गर्दै आएको छ । सधैं भीडभाड हुने मूल स्टेसन जनकपुरधाममा भने डिएसपीको कमाण्डमा यसअघि नै रेल्वे सुरक्षा बेस स्थापना गरी सेवा प्रवाह गर्दै आएको सशस्त्रले जनाएको छ ।

# सिर्सिया सुक्खा बन्दरगाहमा बरामद सामग्री लिलामीको तयारी



**टुडे समाचारदाता**

वीरगञ्ज । सिर्सिया सुक्खा बन्दरगाह परिसरमा करिब ५ वर्षदेखि थन्किएका कन्टेनरहरुबाट बरामद सुपारी, पोस्तादाना लगायतका बस्तु बन्दरगाह भन्सार कार्यालयले लिलामीको तयारी गरेको छ ।

भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद मैनालीका अनुसार बरामद भएका सुपारी, पोस्तादाना, फिड सप्लिमेन्ट, सिलाई मेसिन, इण्डष्ट्रियल साल्ट, अटोपार्ट्स् लगायतका बस्तुहरुको लिलामी प्रक्रिया अघि बढाइएको छ । 'कन्टेनरबाट बरामद भएकामध्ये खान लायक तथा प्रयोग गर्न लायक बस्तुहरु लिलाम गर्न थालिएको हो,' उनले भने, 'सबै बस्तुको लगत तयार गरी लिलामीको सूचना यसै साताभित्र प्रकाशित गर्ने गरी गृहकार्य गरिरहेकाछौं ।'

मैनालीका अनुसार बरामद भएका कन्टेनरहरुबाट लिलाम योग्य ३ लाख ४८ हजार किलो सुपारी, १ लाख ६७ हजार ६ सय किलो पोस्तादाना बरामद भएको छ । सुपारीको मूल्य करिब १४ करोड र पोस्तादानाको मूल्य करिब २४ करोड १९ लाख रुपैयाँ रहेको अनुमान गरिएको छ ।

लिलामी प्रक्रियाका लागि मैनालीकै अध्यक्षतामा एक मुल्यांकन समिति गठन गरिएको छ । समितिका सदस्यहरुमा कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, वीरगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधि र सवारी साधनको हकमा एक मेकानिकल इन्जिनियर समेत रहने छन् ।

समितिको बैठक सोमबार बसेर मंगलबार देखि काम सुरु गर्ने योजना रहेको उनले बताए । समितिले सबै बस्तुको मूल्यांकन गरी सकेपछि ती बस्तु लिलामी प्रक्रियामा लगिने छ ।

झण्डै ५ वर्ष अघि देखि आयातकर्ताले नलगेर बन्दरगाह परिसरमा थन्किएको ३ सय ९१ वटा मालबाहक कन्टेनरमा रहेका मालबस्तु व्यवस्थापन गर्ने प्रयास स्वरुप सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले मंसिर १० गते ७ दिने सूचना प्रकाशित गरी आयातकर्ताहरुलाई सम्पर्कमा आउन आह्वान गरेको थियो । तर अधिकांश आयातकर्ता सम्पर्कमा आएका थिएनन् । त्यसपछि भन्सार कार्यालयले नियमपूर्वक कन्टेनरको शिल तोडेर तिनमा रहेका मालबस्तुको अवस्था यकिन गरेको थियो ।

सामान्यता भन्सार परिसरमा मालबस्तु भित्रिएको ६० दिन भित्र पनि आयातकर्ताले आफ्नो मालवस्तु जाँचपास गरी नलगे त्यस्ता वस्तु लिलाम प्रक्रियामा लग्न सकिने प्रावधान भन्सार ऐन २०६४ मा रहेको छ । आयातकर्ताले जाँचपास प्रक्रियाका लागि घोषणा नगरी बन्दरगाह परिसरको दक्षिण पूर्वी कुना तथा मध्य भागमा राखेका कन्टेनरहरु थोत्रो हुदै गएका थिए ।

केही कन्टेनरमा खिया लागेर कन्टेनरमा रहेको केराउ लगायतका मालवस्तु कन्टेनर बाहिरै पोखिएको थियो । कन्टेनर विधिपूर्वक खोल्दा कतिपय कन्टेनरमा रहेका मालवस्तु कुहिएर नष्ट भइसकेका थिए । प्रायः केराउ, छोहडा आदि खाद्यान्न वस्तु कुहिएर प्रयोग गर्न नसकिने अवस्थामा पुगिसकेका थिए ।

# मेयरविरुद्ध फाँट-फाँटमा ध्यानाकर्षण

**टुडे समाचारदाता**

राजविराज । आफूहरुलाई उपेक्षा गरेर कामकाज हुने गरेको भन्दै त्यसमा सुधारको मागसहित सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका उपमेयर, वडाअध्यक्ष तथा वडा सदस्यले सोमबार नगरपालिकाको फाँट-फाँटमा गई ध्यानाकर्षण पत्र बुझाएकी छन् ।

उपमेयर सरिता देवी यादवको नेतृत्वमा पुगेको टोलीले नगरपालिकाको प्रशासन, लेखा, योजना, प्राबिधिक, जिन्सी, सामाजिक विकास, महिला विकास लगायतका फाँटमा पालैपालो ध्यानाकर्षण पत्र बुझाएका छिन् । पाँच वटा वडाध्यक्ष तथा २५ जना वडा सदस्यसहित पुगेको आफ्नो नेतृत्वको टोली पत्र बुझाउन जाँदा मेयर वीरेन्द्र माझीले आफू कार्यपालिकाको बैठकमा ब्यस्त रहेको र बैठकसकिएपछि मात्र समय दिने बताएपछि फाँट-फाँटमा गइ ध्यानाकर्षण पत्र बुझाउन बाध्य भएको उपमेयर यादवले बताइन् । प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरी लेखिएको ध्यानाकर्षण पत्रमा नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माण हुँदा आफूहरुलाई पूर्णवेवास्ता गर्ने गरेको आरोप लगाउँदै त्यस्ता कार्य तत्काल बन्द गरी नगरको नीति तथा कार्यक्रम र बजेट स्थानीय सरकार सञ्चालन ऐन बमोजिम तथा पारदर्शी हुनुपर्ने माग गरिएको छ ।

पत्रमा २०८० साल असोज १९ गतेको कार्यपालिकाको बैठकले बजेट सिलिङको विषयमा छलफल हुँदा योजना तर्जुमा दिग्दर्शन तथा स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम विभिन्न क्षेत्रका लागि



> संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पत्राचार गरी स्थानीय तहको योजना तर्जुमा गर्दा ऐनले निर्दिष्ट गरे बमोजिमको प्रावधान गर्नु भनी उल्लेख भए पनि बहुमतका आधारमा मेयर माझीले मनपर्दी अघि बढ्न खोजेको गुनासो गरिएको छ ।

बजेट विनियोजन गर्नुका साथै वडा सिलिङ कायम गरिएकोमा सो विपरीत वडा सिलिङमा समेत विभेद गरिएको आरोप लगाइएको छ ।

पत्रमा वडा सिलिङमा विभेद हुने गरी ६ करोड ७० लाख विनियोजन गरिएको तथा थप १३ करोड बजेट बिनियोजन गर्दा आफूहरुसँग कुनै छलफल न गरी मनपरी ढंगले छुट्टयाइएको उल्लेख गरिएको छ ।

यस्तै पत्रमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पत्राचार गरी स्थानीय तहको योजना तर्जुमा गर्दा ऐनले निर्दिष्ट गरे बमोजिमको प्रावधान गर्नु भनी उल्लेख भए पनि बहुमतका आधारमा मेयर माझीले मनपर्दी अघि बढ्न खोजेको गुनासो गरिएको छ ।

महालेखापरीक्षक कार्यालय काठमाण्डु, जिल्ला प्रशासन कार्यालय सप्तरी तथा हनुमाननगर कंकालिनी नगरपालिकाका विभिन्न फाँटलाई बोधार्थ दिइएको उक्त पत्रमा मेयर माझीको कार्यशैलीप्रति विमति जनाउँदै फागुन १५ गते भित्र समस्याको समाधान नगरिए संघर्षका सशक्त कार्यक्रमहरुका साथ अघि बढ्ने चेतावनी दिइएको छ ।

मेयर माझी जनमत पार्टीबाट तथा उपप्रमुख यादव जसपाबाट स्थानीय चुनाव जितेका छन् । नगरपालिका बोर्डमा कुल ७९ जना रहेकोमा ३२ जना अहिले विपक्षमा देखिएका छन् ।

# छ महिनामै सडक दुर्घटनामा धेरै मानवीय क्षति

**टुडे समाचारदाता**

महोत्तरी । सडक दुर्घटनामा हुने मानवीय क्षतिको संख्या बर्सेनि बढ्दै छ । आर्थिक वर्ष २०८०/८१ का बितेका छ महिनामा मधेशमा सडक दुर्घटनामा परी दुई सय ५५ ले ज्यान गुमाएका थिए । सो अवधिमा भएका साना तथा ठूला चार हजार चार सय ७७ सडक दुर्घटनामा पाँच हजार ६६ जना घाइते भएका बाराको पथलैयास्थित मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

> जाडो याममा बाटो नदेखिने गरी लाग्ने बाक्लो हुस्सु पनि दुर्घटनाका कारण रहेको ट्राफिक प्रहरीको भनाइ

सोही अवधिमा सडक दुर्घटनामा परी महोत्तरीका ३१ जनाले ज्यान गुमाएका थिए । जिल्लाका विभिन्न स्थानमा भएका दुई सय ६५ वटा सडक दुर्घटनामा अङ्गभङ्ग भई घाइते हुने तीन सय २५ पुगेकामा ८४ जना त सख्त घाइते भई अझै सकसपूर्ण अवस्थामा रहेका महोत्तरी जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रामभक्त भट्टराईले बताए ।




सडक दुर्घटनामा ज्यान जाने र घाइते हुनेमा बढीजसो ३० वर्षमुनिका युवा रहेका र तीमध्ये धेरैजसो मोटरसाइकल दुर्घटनामा परेका उनको भनाइ थियो । सवारीसाधन चलाउने दक्षता र सोसम्बन्धी अनुमतिपत्र बेगर नै मोटरसाइकल चलाउने बढी दुर्घटनामा परेका ट्राफिक प्रहरीको अभिलेखमा उल्लेख छ । विशेष गरी युवा उमेरका मोटरसाइकल चालकले मादकपदार्थ सेवन गरेर द्रुतगतिमा सवारीसाधन चलाउँदा दुर्घटना बढी भएका देखिएको प्रमुख भट्टराईको भनाइ थियो ।

"हामीले निरन्तर जाँच गर्ने, कारबाही गरी जरिवाना तिराउने र अन्य सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छौं", उनले भने, "तर दुर्घटना न्यूनीकरण भएका छैनन् ।" जाडो याममा बाटो नदेखिने गरी लाग्ने बाक्लो हुस्सु पनि दुर्घटनाका कारण रहेको ट्राफिक प्रहरीको भनाइ थियो । महोत्तरीमा बितेका छ महिनामा कुल २३ हजार तीन सय ४८ सवारीसाधन कारबाहीमा परेकामा सबैभन्दा बढी १२ हजार पाँच सय २८ मोटरसाइकल परेका थिए । यसैगरी चार हजार आठ सय २८ कार तथा जिप र चार हजार ९८ ट्रक कारबाहीमा परेकामा तिनबाट एक करोड ९१ लाख, ९६ हजार पाँच सय जरिवाना असुल गरिएको थियो ।

# राजगढमा कर्मचारी नियुक्तिमा चलखेल गरेको आरोप

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिकामा भइरहेको कर्मचारी नियुक्तिमा व्यापक चलखेल गरिएको स्थानीयबासीले आरोप लगाएका छन् । गाउँपालिका अध्यक्ष ओम प्रकाश मण्डल र कृषि प्राविधिक रामविलास यादवले आफ्ना नातागोतालाई कर्मचारी नियुक्त गर्न चलखेल गरेको स्थानीयहरुले अरोप लगाएका छन् ।

आफान्तलाई कर्मचारी नियुक्त गर्न केही कर्मचारीसंगको मिलोमतोमा अध्यक्ष मण्डलले कर्मचारी नियुक्ति प्रक्रिया विपरीत गोप्य सूचना निकालेको स्थानीय पशुपति यादवले आरोप लगाए । गाउँपालिकाले विभिन्न ३ पदमा ७ जना कर्मचारी नियुक्त गर्न खोजेको बताउदै उनले कर्मचारी नियुक्तको सूचना कुनै पनि पत्रपत्रिकामा प्रकाशित नगरी पालिकाको वेबसाईटमा मात्र सूचना निकालेको जानकारी दिए ।




अध्यक्ष मण्डल र कृषि प्राविधिकले आफ्ना आफान्तहरुलाई सबैपदमा नियुक्त गर्न सेटिङ मिलाएर परीक्षाको तयारी गरिरहेको उनले आरोप लगाए ।

राजगढ गाउँपालिका १ का मुकेश यादवले राम्रालाई भन्दा हाम्रालाई कर्मचारी नियुक्त गर्न गाउँपालिका अध्यक्ष नै लागि परेको आरोप लगाए । उनले विधि प्रक्रियालाई नै उल्लंघन गरी थालिएको कर्मचारी नियुक्त निष्पक्ष हुनेमा शंका व्यक्त गरे ।

उनका अनुसार कृषि स्तानक प्राविधिकमा १ जनाको कोटामा ६ जना, पोषण स्वयंसेवकमा १ जना कोटामा ९ जना र अनिमी ५ जनाको कोटामा ३१ जनाको निवेदन परेको छ ।

ती मध्ये सेटिङमा अध्यक्ष र कर्मचारीको आफन्तहरु नियुक्त हुने सुनिश्चित गरी परीक्षाको नाटक गरेको उनको आरोप छ ।

यसबाट योग्य कर्मचारी नियुक्ति नहुने भएकोले परीक्षा प्रणालीलाई पारदर्शी बनाएर खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त गर्नुपर्ने उनको भनाइ छ ।

राजगढ गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले आफूमाथि लगाएको आरोप निराधार रहेको बताउदै परीक्षा पारदर्शी रुपमा हुने बताए । "पालिकामा यस्ता आरोपहरु धेरै लगाउँछन्, अहिले कर्मचारी नियुक्त त भइसकेको छैन, उनले भने,परीक्षामा पास गर्ने उम्मेदवारलाई नियुक्त गर्छौं, पालिकामा सिसि क्यामरा छ, यस्तो चलखेल केही हुन पाउँदैन ।" कर्मचारी नियुक्तिको लागि मंगलबार लिखित परीक्षा लिइने अध्यक्ष मण्डलले जानकारी दिए ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८